
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

पौ ष पू र्णि मा



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजना[illegible] संचालित स्वास्थ्य शिविर

DHARMAKIRTI

वर्ष- १९ अङ्क- ९ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# सबैलाई सुख नै मन पर्छ

हामीलाई यस संसारमा शान्ति र सुखपूर्वक बाँच्न मन लाग्छ। तर यसको विपरित आजभोली संसारका धेरैजसो मानिसहरू दुःख र आतंकित नै देखिन्छन्। यो एक ठूलो समस्याको रुपमा खडा भइरहेको छ। मानव समुदायको लागि।

सुख र शान्ति कसलाई मन पर्दैन ? सबैलाई मनपर्छ। तर सुखपूर्वक बाँच्ने विधि जानेर त्यसलाई अभ्यास गर्न सकिरहेका छैनौं हामीले। यही हाम्रो प्रमुख कमजोरी ठहरिएको छ।

यस कमजोरीलाई हटाउनको लागि सर्वप्रथम हामीले हामी दुखी किन हुन्छौं भन्ने विषयमा अध्ययन गरी त्यसको प्रमुख कारणलाई पत्ता लगाउन आवश्यक छ।

यसको लागि हामीले बुद्ध शिक्षालाई हाम्रो दैनिक जीवनमा अभ्यास गर्न अत्यावश्यक छ। बुद्धले भन्नुभएको छ,

*यानि करोति पुरिसो तानि पस्सति अत्तानि*
*कल्याणकारि कल्याणं पापकारि च पापकं*
*यादिसं वपते वीजं तादिसं हरते फलं*

*अर्थात्-*

मानिसले राम्रो नराम्रो जुनसुकै काम गरेपनि जसले त्यस काम गरेको छ, त्यसले नै त्यस कामलाई देखेको हुन्छ (अरुले नदेखेपनि)। नराम्रो काम गर्ने ब्यक्तिले नराम्रो नै फल भोग्नु पर्ने छ। राम्रो काम गर्ने ब्यक्तिले राम्रै फल भोग्न पाइन्छ। जस्तो वीऊ रोप्यो त्यस्तै फल फल्नेछ।

अर्को शब्दमा भन्ने हो भने असल गर, तिमीलाई अहिले र पछि असल नै हुनेछ। खराव गर तिमीलाई अहिले र पछि पनि खराव नै हुनेछ।

धम्मपदमा भनिएको छ, मन नै सबै अवस्थाहरूमा प्रमुख हुन्छ। यदि तिमीले राम्रो मनले कुरा गऱ्यौ वा काम गऱ्यौ भने आफ्नो पीछा नछोड्ने छाँयाले झैं सुखले तिम्रो पीछा गर्नेछ। बुद्धको शिक्षाहरूलाई गहिरिएर चिन्तन मनन गर्न सकेको खण्डमा हामीले दुःखको कारण पत्ता लगाउन सक्नेछौं। बुद्ध शिक्षाले भनिरहेको छ- संसार कारण र त्यसको प्रभावमा अडेको छ। यो प्राकृतिक नियम हो। हरेक परिणामको कारण हुन्छ। त्यसैले कसैलाई दोष दिई आफ्नो चित्तमा द्वेष भावना उत्पन्न गर्नु मूर्खता बाहेक अरू केही होइन। त्यसैले बुद्ध भन्नु हुन्छ - चेतनाहं भिक्खवे कम्मं वदामि। अर्थात् मानिसको इच्छा वा चेतनानै उसको कर्म हो।

यसरी आफ्नो चेतनाको आधारमा गरिने काममा विश्वास राख्न जान्नु नै हामीले आफ्नो सुख र दुखको लागि अरुलाई दोष नदिई आफै जिम्मेवार रहेको कुरालाई बुझ्नु हो।

जसले आफ्नो सुख र दुःखको भागिदार आफ्नै चित्त हो भन्ने कुरालाई भित्री हृदयले बुझ्दछ। उसले आफ्नो तर्फबाट अरूको शरीर, धन, र यशकीर्तिमा हानी नपुऱ्याईकन काम गर्दछ। जव संसारमा यस्ता पवित्र हृदय भएका व्यक्तिहरूको संख्या बढ्न थाल्छ, तब त्यस क्षेत्रमा अशान्ति, अनावश्यक झैझगडा र कलह स्वतः हटेर जानेछ।

त्यसैले हामी (जसलाई शान्ति मनपर्छ) ले पनि बुद्धको यही शिक्षालाई बुझेर आजदेखि जुनसुकै कुरा गरेपनि, काम गरेपनि सकेसम्म आफ्नो तर्फबाट अरूलाई हानी नपुऱ्याईकन काम गर्न सिकौं। यसको राम्रो प्रतिफल हाम्रै मनले छिटो नै चाख्न पाउनेछ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**JANUARY 2002**

| | | | |
|---|---|---|---|
| वर्ष- १९ | अङ्क- ९ | योमरिपुन्ही | पुष २०५८ |




★ काम गर्ने बेलामा मित्रद्वारा सहायता पाउनु सुख हो । जो मिल्यो त्यसमा सन्तुष्ट हुनु पनि सुखै हो, गरेको पुण्य मृत्यु हुने बेलाको सुख हो, सबै दुःखबाट मुक्त हुनु ठूलो सुख हो ।

★★★

★ बुढेसकालसम्म शील सदाचारी हुनु सुख हो, श्रद्धावान हुनु सुख हो । प्रज्ञावान हुनु सुख हो, अरूलाई दुःख हुने काम नगर्नु सुख हो ।

★★★

★ निर्दोषमा दोष र दोषमा निर्दोष देखेर मिथ्यादृष्टि ग्रहण गर्ने व्यक्ति दुर्गतिमा पुग्दछ ।

★★★

# धम्मपद–१४५

– **रीना तुलाधर**, 'परियत्ति सद्धम्म कोविद'

**एकं धम्मं अतीतस्स – मुसावादिस्स जन्तुनो**
**वितिण्ण परलोकस्स – नत्थि पापं अकारियं**

**अर्थ–** सत्य धर्मलाई छोडीसकेकोले, झुठो बोल्नेले, परलोकको विश्वास नगर्नेले यस लोकमा नगर्ने पाप कुनै बाँकी रहन्न ।

**घटना–** उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा चिंचा माणविकाको कारणमा भन्नु भएको थियो ।

बुद्धको समयमा गौतम बुद्धको धर्म देशना सुनेर बुद्धका अनुयायीहरूको संख्या बढ्दै गयो । बुद्धलाई मान सत्कार र लाभ गराउनेको संख्या बढ्दै गयो । त्यही समयमा बुद्धको सफलता देखी कुनै अर्को धर्मका संस्थापकहरूले डाह गर्न थाले । भगवान बुद्धको अगाडि आफ्नो लाभ, मान, सत्कार गर्ने काम हुन थालेकोले तिनीहरूको ईर्ष्याको ज्वाला झन् झन् बढ्दै गयो । ईर्ष्याको कारणले पीडित त्यस धार्मिक समूहका मानिसहरूले बुद्धको बदनाम गर्ने षडयन्त्र गरे । बुद्धको बदनाम गर्न तिनीहरूले चिंचा माणविका नामक एक सुन्दरी जो त्यस धर्म सम्प्रदायका अनुयायी थिइन् त्यसको सहयोग लिए ।

चिंचा माणविकाले आफ्ना धर्म गुरुहरूको आज्ञा शिरोपर गरी उनीहरूले सिकाए बमोजिम दिनदिनै साँझतिर श्रृंगार गरी, सजीधजी जेतवन विहारतिर जाने गरिन् । साँझतिर बुद्धका अनुयायीहरू जेतवन विहारबाट धर्म श्रवण गरेर फर्किने समयमा सबैले देख्नेगरी चिंचा माणविका जेतवन, विहारतिरको बाटोमा लाग्थिन् । कसैले "तिमी कहाँ जान लागेकी" भनी सोधेमा "म जहाँ गए पनि तिमीहरूलाई के मतलब" भनेर जवाफ दिन्थिन् । चिंचा माणविका जेतवन विहारको भोलिपल्ट बिहान बुद्धका अनुयायीहरू धर्म उपदेश सुन्न जेतवन विहारमा आउने बाटो भएर सबैले देख्ने गरी फर्कन्थिन् । कसैले "तिमी कहाँबाट फर्केकी" भनेर सोधेमा "तिमीहरूलाई के मतलव ?" भनेर जवाफ दिनिथन् ।

दिनहुँ यसरी नाटक गर्दै तीन चार महिना बितेपछि पेटमा कपडा बेरेर गर्भवती जस्तै रूप बनाएर जेतवन विहारको बाटोमा आउन जान थालिन् । अब त कसैले "तिमी कहाँ गएर आएकी" भनेर सोधेमा सिधै "म जेतवन विहारमा गन्धकुटीमा श्रमण गौतमसँग रात बिताएर आएकी" भनेर जवाफ दिन थालिन् । कतिपय सिधासाधा मान्छेलाई भगवान बुद्ध माथि शंका पनि हुन थाल्यो । आठ नौ महिनासम्म समय बितेपछि चिंचा माणविकाले श्रमण गौतमको तर्फबाट आफू गर्भवती भएको भनी सबैतिर हल्ला फैलाई सके ।

नौ महिना पुरा भएपछि एकदिन चिंचा माणविकाले गर्भमा ठूलो काठ राखेर कपडाले बेरेर गर्भ पाकीसकेको गर्भवती जस्तै आफूलाई बनाइन् । आफैले हात खुट्टामा पिटेर हात खुट्टा सुन्निएको जस्तै पारिन् । यस्तो भेषमा उनी सिधै गौतम बुद्धको बदनाम गर्ने उद्देश्यले जेतवन विहारमा गइन् । त्यस समय भगवान बुद्धले भिक्षु भिक्षुणी तथा उपासक उपासिकाहरूको ठूलो जन समूहलाई उपदेश दिई राख्नु भएको थियो । त्यहाँ धर्म सभामै गएर चिंचा माणविका उभिन गइन् र भगवान बुद्धतिर फर्केर यसरी लाञ्छना लगाइन्– "हे महाश्रमण तपाईले ठूलो जन समूहलाई धर्म देशना त गर्नुहुन्छ । यहाँ म तपाईकै कारणबाट गर्भवती भएँ । मेरो बच्चा पाउने समय आइसक्यो । मलाई बच्चा जन्माउन, सुत्केरी बस्न कुनै प्रबन्ध गरिदिनु भएन । तपाईले खाली मोज मस्ति मात्र गर्न जान्नुहुन्छ ।"

चिंचा माणविकाको यस्तो घृणित दोषारोपण सुनेपछि भगवान बुद्धले एकछिन धर्म देशना गर्न रोक्नुभयो र बडो शान्तपूर्वक चिंचा माणविकालाई भन्नुभयो– "हे बहिनी ! केवल तिमीले वा मैले नै मात्र तिमीले सत्य वा असत्य बोलीरहेका छौ भनी जान्दछौं ।" चिंचा माणविकाले जवाफ दिइन्– "ठीकै हो महाश्रमण केवल मैले र तपाईले मात्र जानेको कुरा अरू कसले थाहा पाउन सक्ला र !"

चिंचा माणविकाको यस घोर निन्दनीय अपराधलाई प्रकृतिले पनि सहन सकेन । त्यही बेला यहाँ ठूलो आँधीबेरी चल्यो र हावाले चिंचा नर्वस भएर ढल्यो माणविकाको कम्मरमा बाँधेको पटुका फुस्क्यो र लुकाइएको काठको टुक्रा भुइँमा खस्यो । जन समूहको अगाडि चिंचा माणविकाको झूठो पर्दाफास भयो । त्यहाँ उपस्थित जन समूहले आक्रोसित भएर उनलाई बेस्करी गाली गरे । कसैले पिटे र त्यहाँबाट धपाईदिए । त्यहाँबाट भागेर केही पर पुगेपछि त्यहीं जमीन फाटेर चिंचा माणविका जमीनभित्र खसिन् ।

भोलिपल्ट धर्म सभामा भिक्षुहरूको बिचमा चिंचा माणविकाको घोर निन्दनिय कुकृत्यको बारेमा चर्चा भयो । भगवान बुद्धले भिक्षुहरूको बिचको कुरा सुनेर भन्नुभयो– "हे भिक्षुहरू ! सत्य धर्मलाई छोडेर झुठो कुरा गर्ने झुठावादीले नगर्ने कुनै पापकर्म हुँदैन ।" यस्तो आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■



Downloaded from http://www.dhamma.digital

# स्तूप र शान्ति स्तूपको इतिहासमा लुम्बिनी शान्ति स्तूप

**- भिक्षु सुदर्शन महास्थविर**

भगवान बुद्ध आफ्नो ८० वर्षको उमेरमा हिरण्यवती नदी तीर कुसिनाराको मल्लहरूको शालवनमा पुग्नु भयो । बुद्धको आज्ञानुसार आयुष्मान आनन्दले बुद्धको निमित्त उत्तर तिर सिरान गरी दुई शाल-रूखका बीचमा शयनासन तयार गर्नु भयो । अनि भगवान् बुद्ध दाहिनेतिरबाट सिरान राखी दायाँ खुट्टा माथि बायाँ खुट्टा राखी स्मृति सम्प्रजन्य भई लेट्नु भयो । बुद्धको २५ वर्ष देखिको उपस्थापक (धार्मिक निजी सचिव) भई सेवारत भिक्षु आनन्दलाई लाग्यो अब तथागतको महापरिनिर्वाणको समय अत्यन्त नजिक आई सक्यो । त्यसकारण अन्तत: बुद्धको महापरिनिर्वाण पछि तथागतका शरीर कृत्य बारेमा पछि आफैसँग बुद्धको विचार बारेमा सोध्ने छ भनि विचार गरेर बुद्धमा बिन्ति गर्नु भयो, "भन्ते भगवान् ! निर्वाणोत्तर तथागतको शरीरलाई हामीले के गर्नु पर्छ ?" यसको प्रत्युत्तरमा बुद्धले तथागतको शरीर-पूजा गर्ने कार्य श्रद्धावान बुद्धप्रति प्रसन्न गृहपतिहरूको हो भन्ने आशय व्यक्त गर्नु भयो । आनन्द आयुष्मानले पुन: सोध्नु भयो, "भगवान् ! तथागतको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ ?" आनन्द आयुष्मानले फेरि प्रश्न गर्नुको कारण पहिले कुनै पूर्व बुद्धको महापरिनिर्वाण पछि भएको शरीर-कृत्य विधि बारेको अज्ञानता हो भन्ने आशय स्पष्ट भए पछि भगवान् बुद्धले आज्ञा गर्नु भयो, "आनन्द ! जस्तो चक्रवर्ती राजाको शरीरलाई व्यवहार गरिन्छ त्यस्तै गरी तथागतको शरीरलाई पनि गर्नु पर्छ ।" आशय स्पष्ट छ, अत्यन्त उत्तम श्रेष्ठ पद्धतिपूर्वक गर्नु पर्दछ ।



बुद्धको आज्ञानुसार नै तथागतको परिनिर्वाण पछि शरीरलाई नयाँ वस्त्रले र सुकेका कपासले तह तह गर्दै बेर्दै तेल भरिएको द्रोणमा राखेर फेरि अर्को खालि फलामको द्रोणमा राखेर छोपियो । चन्दनादि सुगन्धित काष्टादिको दाउराको चित्ता बनाई जलाइयो । मूल चौबाटोमा चक्रवर्ती राजाको स्मृति स्तम्भ बनाइने जस्तै बुद्धको पनि अस्ति राखेर मूल चौबाटोमा "थूपो" निर्माण गर्ने योजना बनाइयो । तर मूल चौबाटोमा बुद्धको शरीर अवशेष राखेर "थूपो" (स्तूप) बनाउनु अघि एउटा अन्तर-अन्तराय आयो । बुद्धप्रति श्रद्धा राख्ने अनेक राज्यहरू थिए । महापरिनिर्वाण सूत्रानुसार बुद्धको शरीरावशेष राखेर थूपो बनाउन चाहने मगध, वैशाली, कपिलवस्तु, अल्लकप्प, कोलिय, वेठदीप र पावाका दूतहरू आए । कुसिनारा पनि आफैले थूपो बनाउन चाहे । झण्डै विग्रह नै हुन लागेको थियो । अत: बुद्धको महापरिनिर्वाण पछिको वरिष्ठतम संघ स्थविर भिक्षु महाकाश्यपको आज्ञानुसार वेठदीपबाट आएको एउटा ब्राह्मणले बुद्धको शरीरावशेष अस्तिथातु द्रोणबाट नापेर आठ भाग गरी वितरण गरियो । बुद्धको शरीर अवशेष निधान गरेर आठ राज्यहरूमा आठ वटा "थूप" बनाइए । यही आठ थूपहरू बौद्ध संस्कृतिमा पहिला स्मारक आठ स्तूपहरू भए । यसको प्राचीन शिला-

स्मारक-चित्रण अर्थात् मूर्तिहरू, जुन दोश्रो/तेश्रो इस्वी शताब्दीका हुन्, लाहौर संग्रहालय र ब्रिटिश संग्रहालयमा सुरक्षित छन् । भौतिक रूपमा आठ मूल प्राचीन स्तूप मध्येमा कुशीनगर, पिप्परहवा र (नवलपरासि स्थित) रामग्राम स्तूप आज पनि अवशेषकै रूपमा छन् ।

अशोकको अभिलेखमा "थूपो" (एउटा स्तूप) लाई "थूब" भनिएको छ । कपिलवस्तुको (निग्लिहवा) स्थित कोनाकमन (कोणागमन) को थूब (स्तुप) नै विश्वको सबभन्दा प्राचीनतम अतीत मानव बुद्धको स्तूप हो । अशोकले आफ्नो राज्याभिषेकको १४ औं वर्षमा (२५६ ई.पू.) यो स्तूपलाई दोश्रोबार जीर्णोद्धार गरेको थियो अथवा पहिले बनाई राखेका स्तूपलाई दुगुना ठूलो गरी बनाइएको थियो । काठमाडौंमा अशोकको "थुवे" थूद्वं भए । त्यस्तै बुद्धकालीन चैत्यलाई अशोकको समयसम्म सानो स्तूप रुपमा चैत्य बनेको कुरा दिव्यावदानबाट स्पष्ट हुन्छ र विश्वको पहिलो चैत्य सिद्धार्थको-जन्म-स्मारक रूपमा लुम्बिनीमा स्थापित चिनो ढुंगा भएको छ ।

अशोकले स्थापना गरेका हजारौं स्तूपहरू मध्येमा आज पनि धेरै स्तूपहरू हाम्रो सामु विद्यमान छन् । तिनीहरू विभिन्न कालमा रूपान्तरित र विशाल रूपमा विकसित भएको छ । यसको राम्रो उदाहरण बुद्धगयाको महाबोधि, सारनाथको धम्मिक स्तूप, कुसिनाराको मुकूट-बन्धन चैत्य र महापरिनिर्वाण स्तूप, साँचीको स्तूपहरू हुन् ।

बौद्ध स्तूपहरूको संसारमा सांची, नार्गाजुन कोण्ड, बोरोबुदुर, अमरावती र भरहूतका स्तूपहरू साह्रै महत्वपूर्ण छन् । यी स्तूपहरूको बेष्ठनी (बार), द्वार, स्तूपको गोलाईमा बुद्धको जीवनी आदि ढुङ्गामा कुडिएका छन् । बुद्ध, बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध कला र बौद्ध इतिहासका अध्ययन र अन्वेषण गर्नेहरूका लागि यहाँका यी शिलामूर्तिहरू र शिलामूर्ति फलकहरू एक प्रामाणिक आधार भएका छन् ।

बौद्ध स्तूपहरू श्रद्धा, पुण्य र शान्तिका स्रोत हुन् । यसै कारण आजको नेपाल, भारत, श्रीलंका, म्यान्मार, थाइलैण्ड, कम्बोडिया, लाओस, चीन, इण्डोनेशिया, पाकिस्तान, अफगानिस्तान, मंगोलिया आदि बीसौं देशहरूमा हजारौं हजार प्राचीन स्तूपहरू छन् । यी स्तुपहरू मध्येमा कुनै देशका स्तूपहरू भग्नावशेष स्मारक रूपमा छन् भने थुप्रै देशहरूमा आजसम्म पनि जीवित पूजाको परम्परामा छन् । स्वयम्भू, बौद्ध, थूद्वं, धम्मिक, थूपाराम, स्वेदगौं, नकोमपथम, अंकोरबाट, ह्वाइट पेगोडा र बोरोबुदुर यसका उदाहरण हुन् ।

यसै स्तुप संस्कृतिको संसार भरखर बितेको बीसौं शताब्दीमा एउटा नयाँ अध्यायको आलेखन पुनः शुरू भयो । जापानमा जन्मनु भएका एउटा बौद्ध कुलका १९ वर्षीय युवक १९०४ इस्वीमा बौद्ध भिक्षु भए । यी बौद्ध भिक्षु निचिडात्सु फुजी २४ फरवरी १९३१ ईस्वीमा दर्शनार्थ लुम्बिनीमा पुग्नु भएको थियो । लुम्बिनीको सिद्धार्थ जन्म-स्मारक (मायादेवी मन्दीर) को अवशेष माटोको ढिस्कोमा एउटा रूखमुनि बसेर आफ्नो धर्म दुन्दुभी (गोलाकारको छालाको डम्फू जस्तो बाजा) बजाउँदै सश्वर निरन्तर पाठ गर्दै रह्यो - "न-मू-म्यो-हो-रें-गे-क्यो (नमो सद्धर्मपुण्डरीकाय) ।

जनरल केशर शम्शेरको नेतृत्वमा नेपाल सरकारको तर्फबाट लुम्बिनीको संरक्षणको थालनी भएको यो समय पैतालीस वर्षीय युवक जापानी भिक्षु निचिडात्सु फुजीको पाठ र धर्म दुन्दुभिको आवाज सुनेर वरपरका मानिसहरूको घुइचों बढ्न थाल्यो । भैरहवाका हाकिमबाट सोधनी र खोज खबर भयो । तर त्यस जापानी भिक्षुको निवेदनको जवाफ श्री ३ सरकारको सिंहदरबारबाट आयो "यो हाम्रो मुलुक हो । यहाँ अरू देशकाले केही गर्नु हुन्न । हामीले नै बनाउँछौं । ज. केशर शम्शेरको नेतृत्वमा ६ वर्ष भित्र लुम्बिनीको माटो ढिस्कोलाई टोपी लगाइदिने जस्तै नयाँ पर्खाल र पेटी बनाउने अनि अशोक स्तम्भको टुप्पामा गोलो एउटा चक्का थपिइ दिने काम भयो ।

भिक्षु निचिडात्सु फुजीले लुम्बिनीबाट फर्केर जापान आदि विभिन्न देशहरूमा शान्ति स्तूपहरू बनाउनुमा आफूलाई समर्पित गरे । दोश्रो विश्वयुद्ध र हिरोसिमा तथा नागासाकीमा भएको परमाणुबमको




Downloaded from http://www.dhamma.digital

प्रहार देखेर र भोगेर करूणाबाट आप्लावित हृदय भएका उनी जापानी भिक्षु सधैं सबै देशमा भन्नु हुन्छ, “शान्ति स्तूप संसार भर बनाउन सके, बने र बनाइए मानव-हृदयमा प्रज्ञा र करूणाबाट सचेतनता, सहृदयता, सौहार्यता, सहिष्णुताको अभिसंचार हुनेछ । मानिसको मनमा, मानव प्रवृत्ति र विश्व संस्कारमा शान्ति छाइने छ ।” उहाँले सर्वप्रथम जापानको “हानाओकायामा” भन्ने ठाउँमा शान्ति स्तूप बनाउनु भयो । उहाँ र उहाँका शिष्यहरूको श्रद्धा प्रेरणा र श्रम नेतृत्वमा ठूल-ठूला अनेक अनेक वास्तुकला र शैलीका शान्ति स्तूपहरू क्रमशः बन्दै गए । हिरोशिमा र नागासाकि देखि सबै भन्दा पछि बनाइएका स्तूप अन्तरराष्ट्रिय हवाई मैदान नजिकैको नारिताका विश्वशान्ति स्तूप सहित जापानमा मात्रै ५५ वटा शान्ति स्तूपहरू बनिसकेका छन् । त्यसै राजगृह, कलिंग (उडिसा), वर्धा, बैशाली, दार्जिलिङ्ग र लडाख सहित ६ वटा शान्ति स्तूपहरू भारतमा बनेका छन् । लंडन र मिल्टन कजेलमा गरी संयुक्त अधिराज्यमा दुई वटा विश्वशान्ति स्तूप बने । श्रीपादको शान्ति स्तूप सहित श्रीलंकामा ४ वटा शान्ति स्तूप बनिसकेका छन् । त्यस्तै अमेरिकामा २, अष्ट्रियामा १ र इटालीमा १ शान्ति स्तूप बनेका छन् । रूस आदि विभिन्न देशमा विश्वशान्ति स्तूप बनाउने क्रम जारी छ ।

भिक्षु निचिडात्सु फुजी गुरूजी आफ्नो ६८ वर्षको उमेरमा सर्वप्रथम काठमाडौं आउनु भयो । त्यसबेला देखि उनले नेपालमा पनि शान्ति स्तूप बनाउने पुण्य प्रयत्न गर्दै रहे । स्यूचाटार र लुम्बिनीमा विश्वशान्ति स्तुप बनाउने इच्छा पूरा भएन । पोखरामा गजुर सम्म बनिसकेको शान्ति स्तूप भत्काइयो । राम्रा र असल काममा पनि विभिन्न बाधा अड्चन आउनु संसारको स्वभावै हो । तर फुजी गुरूजी र उहाँका शिष्यहरू क्षान्ति र वीर्य पारमिता बुद्ध, बोधिसत्व र बौद्धहरूको धर्मको आधार मार्ग हुन भन्ने तथ्यबाट पूर्ण परिचित थिए । निचिडात्सु फुजी गुरूजीको शान्तिप्रेम, पुण्यप्रतिज्ञा र धर्म प्रयत्न देखि प्रभावित नेपाली श्रद्धालुहरूले नेवार बौद्ध संस्कृति अनुसार उहाँको ७७ वर्ष ७ तौं घण्टा ७ तौ मिनेटमा ज्याःजंको (भीमरथारोहण) पनि गरेका थिए । परिणामतः उहाँको जीवन कालमा नेपालमा शान्तिस्तुप बन्न नसकेको पनि पोखारामा ७१ औं स्तूपको रूपमा विश्वशान्ति स्तूप बनियो । यही २० कार्तिक २०५८ का दिन यसको तृतीय वार्षिक उत्सव हुँदैछ । ७२ औं स्तूप जापानको नारिताको शान्ति स्तूप हो ।

भगवान् बुद्धको जन्मस्थल लुम्बिनीमा ७० वर्ष अघि भिक्षु निचिडात्सु फुजी गुरूजीको पुण्य प्रतिज्ञा साकार रूपमा आज लुम्बिनी विश्वशान्ति स्तूप बन्यो । मलाई लाग्दछ, २४ फरवरी १९३१ ईश्वीको पुण्य इच्छाद्वारा प्रेरित भइकन नै ९ अगस्त १९९३ का दिन लुम्बिनी विकास समिति र जापानको निप्पोनजान म्योहोजीको बीचमा लुम्बिनी नवग्राम र साँस्कृतिक क्षेत्रमा शान्ति स्तूप निर्माणार्थ सम्झौता पत्रमा हस्ताक्षर भयो । यसैको २ डिसेम्बर १९९३ मा शिलान्यास भई ७ वर्ष पछि यही ३, नवम्बर २००१ (१८ कार्तिक २०५८) का दिन दिउँसो ११ बजे प्रतिष्ठापूजा र समुद्‌घाटन् भयो । नेपाल सहित विश्वका विभिन्न भिक्षु, भिक्षुणी, उपासक-उपासिकाहरू र धर्म र शान्ति प्रेमीहरू लुम्बिनीमा भेला भएका थिए । लुम्बिनी शान्ति स्तूप विश्व शान्तिका प्रतीक, बुद्धको अहिँसा, मैत्री, सद्भावना र प्रज्ञाको प्रतीक विशेषतः क्षान्ति पारमिता र वीर्य पारमिता बुद्ध बोधिसत्व धर्मको प्रतीक हो । आज सम्मको ७३ वटा शान्ति स्तुपहरूमा सबैभन्दा अग्लो १५६ फीटको अग्लो छ, यो लुम्बिनी शान्ति स्तूप । ■



# काँक्रेविहारको ऐतिहासिक तथ्य

- बसन्त थापा

सुर्खेत वीरेन्द्रनगर नगरपालिकादेखि दक्षिणतर्फ उपत्यकाको बीचमा रहेको अग्लो डाँडा हालको लाटीकोइली वडा नं ८ मा अवस्थित छ । २०२९/३० सालमा यो डाँडा कुनै बोटविरुवा नभएको रुखो उजाड देखिन्थ्यो । २०३१ सालमा स्व. श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको भ्रमण भए पश्चात नै काँक्रेविहारको संरक्षण हुँदै आएको र उत्तरी जलाधारको पनि संरक्षण हुदै आएको थियो । आज काँक्रेविहारको पूरै डाँडा ठूला ठुला रुख वृक्षले हराभरा भएको छ भने सयौं जरायो मृगहरूको बासस्थान भएको छ । साथै नयाँ आगन्तुकहरूको एक दर्शनीय स्थल भएको छ । मंसिरको महिनामा वीरेन्द्रनगरको उत्तरी भाग गोठीकाँडा, सिद्धपाइला र रानीमत्ताबाट यो उपत्यकाको एक नजर गर्ने हो भने उपत्यका पूरै धान पाकेर पहेंलपुर देखिन्छ भने काँक्रेविहार रमणीय जंगलले भरिएको एक स्थल देखिन्छ । यस्तो रमणीय स्थलको पुरातात्विक एक विशाल भग्नावशेषस्थललाई विभिन्न विचारक चिन्तकहरूले आ-आफ्नै शैलीमा विश्लेषण गर्ने गरिएको छ । मैले पनि यस्ता किसिमका धेरै लेखहरूले काँक्रेविहारको भगनावसेष स्थलको केही खोज अनुसन्धान गर्ने प्रेरणा पाएँ । फलस्वरूप विभिन्न पुस्तकालयमा यस सम्बन्धि लेख रचनाको खोजीमा जाँदा कृतिविहारस्थित कृतिविहारमा रहेको त्यहाँको भन्ते सुदर्शन महास्थविर ज्यूको सम्पर्कमा पुगि काँक्रेविहारको विषयमा परामर्श गर्दा उहाँबाट २०२८ सालमा मुद्रण गरिएको कर्णाली प्रदेशको एक संगालो भन्ने पुस्तक भीमप्रसाद श्रेष्ठ ज्यूले लेख्नुभएको रचना प्राप्त भयो । सो रचनाले कर्णाली प्रदेशको खस राज्यले दिएको योगदान र खस राजाहरूबाट भएको धार्मिक अस्तित्वलाई विश्लेषण गर्दा त्यस ताकाको शासन व्यवस्थाले यस सुर्खेत उपत्यकालाई समेत प्रभाव पारेको भएर पश्चिममा कुमाउ गडवाल पूर्वमा काठमाडौं उपत्यका लुम्बिनी समेतमा यहाँका खस राजाहरूको प्रभुत्व कायम भएको र काठमाडौं उपत्यकाको तीन शहरहरू कान्तिपुर, भक्तपुर र कीर्तिपुरका राजाहरूले समेत यस राज्यलाई कर तिरेको इतिहास छ भने त्यस समयको राजाहरूले आफ्नो राज्यका नागरिक समाजलाई दिएको धर्मको समेत व्याख्या गरिएको छ । त्यसैले तिनै तथ्यगत प्रमाणहरू आजका यस सुर्खेतको काँक्रेविहार उत्खनन् भै सक्दापनि यसबाट कुनै तथ्यगत अभिलेख, सिलालेख र ताम्रपत्रहरू आउन नसकेकै अवस्थामा निम्न लिखित तथ्यगत प्रमाणहरूले उत्खनन् गर्न आउनु भएका पुरातात्विकविदहरूले समेत कुनै तथ्यगत प्रमाण दिन नसक्नु भएकै अवस्थामा विभिन्न लेखको खोजविन संगालो प्रस्तुत गर्ने जमर्को गरेको छु । यसबाट आजका नागरिक समाजमा केही कौतुहल ल्याउन सक्छ । विद्वान अनुसन्धानकर्ताहरूमा खोज बिनाको श्रृंखला बन्न सक्छ भन्ने हेतुले यो लेख प्रस्तुत गरेको छु । पाठक वर्गमा नयाँ उत्साह जागोस् भन्ने कामना गर्दछु । सिजा लामा थांडा गुफामा पाइएको स-साना माटाका चैत्यले लिच्छवीकालको अन्तिम समय तिर यस प्रदेशमा बौद्धधर्मको प्रवेश भै सकेको थियो भन्ने कुरा सिद्ध गरिसकेका छन् । लामाथाडा गुफामा पाइएका साना चैत्यहरू मध्ये एक थरीको पछिल्लो लिच्छवी लिपी कुँडिएको पाइएको छ । यसबाट लिच्छवीकालको अन्तिम समयतिर कर्णाली प्रदेशमा बौद्धधर्मले जरो गाडिसकेको देखिन्छ । यसै हुँदा मध्यकालमा कर्णाली प्रदेश बौद्धधर्मको प्रमुख आश्रयस्थल नै बन्न पुगेको बुझिन्छ ।

कर्णाली प्रदेशमा नयाँ राज्य खडा गरेको श्रेय नागराजहरूलाई छ । यो कुरा पृथ्वी मल्लको स्तम्भलेख र भोटमा पाइएका वंशावलीबाट पनि थाहा पाइन्छ । वि.सं. १४१४ मा पृथ्वी मल्लले दूल्लुमा एउटा कृति स्तम्भ राख्न लगाएका थिए । त्यसमा पृथ्वी मल्लले आफ्ना पूर्वज आफ्ना वर्णन लेखाएका छन् । यस स्तम्भ लेखमा दुई वंशको उल्लेख भएको छ । नागराजदेखि शुरू भएको राज्य उनका दश पुस्ता पछिका राजा प्रताप मल्लमा पुगेर टुङ्गियो । त्यसपछि गेलाका पाल वंशका पुण्य मल्ल त्यस राज्यको सिंहासनमा राखिए । पुण्य मल्लका छोरा पृथ्वी मल्ल हुन् । यसो हुनाले पृथ्वी मल्लले यस स्तम्भलेखमा पहिले आफ्नो पुर्खौली वंशको र पछि नागराजको वंशको वर्णन गराएका छन् । पृथ्वी मल्लको समयमा यस राज्य अनेक दृष्टिले उन्नत रहेको थियो । गेला प्रदेशमा पालहरूको राज्य गुगे प्रदेश नागराजहरूको भन्दा पहिले देखि कायम भएको थियो ।



Downloaded from http://www.dhamma.digital

पुण्य मल्लको समयमा दुवै राज्य एक भएर कलिलो राज्य भएको भन्ने केही इतिहासकारहरूको धारणा छ। तर प्राप्त ऐतिहासिक साधनहरू केलाइ हेर्दा यो कुरा सत्य देखिंदैन। पुण्य मल्ल भन्दा धेरै अगाडिदेखि नै गेला प्रदेश भेगमा नागबंशहरूको अधिकार रहेको थियो। उदाहरणको लागि क्राचल्लको बालेश्वर मन्दिरको अभिलेखमा देखाउन सकिन्छ। त्यसमा क्राचल्लको दूल्लु प्रदेश र रिपु मल्लको सुर्खेतमा लेखिएको ग्रन्थ पाइएको छ। जितारी मल्ल र आदित्य मल्लहरूले नेपाल उपत्यका सम्म आफ्नो प्रभाव रहेको लुम्बिनी भेगसम्म आफ्नो राज्य रहेको घटनाहरूले पुष्टि गर्दछ। दूल्लुका पृथ्वी मल्लको स्तम्भलेखमा यो कुरा छ– "अथ खारी प्रदेशस्यो यो जावेश्वर ताभगात तेन श्री नागराजेन सिंजापूर्या स्थितिकृता।"

खारी प्रदेशका राजा श्री नागराज जावेश्वर जुम्ला भेगका राजा हुन्। यो खारिप्रदेश जुम्ला भन्दा उत्तर करानदरामा खारी गाउँले हाल चिनारी छ। जुम्ला भेगको राज्य जावेश्वर देशले कहलाएको थियो। वि.सं. १८०२ को सुदर्शन शाहको एक ताम्रपत्रमा उल्लेख छ।

भोटमा पाइएका वंशावलीहरूमा गंगे प्रदेशका राजाका रूपमा नागराज उल्लेख भएको पाइन्छ। यसबाट नागराजले स्थापना गरेको यो राज्य भोटको पश्चिमी भेग समेत सम्मिलित भएको थियो भन्ने थाहा हुन्छ। गढवाल वाडाहाटमा रहेको एक बुद्ध मुर्तिमा भट्टारक नागराजको नाम उल्लेख भएको पाइएको छ। यसबाट पश्चिम कुमाउ गढवालसम्म प्रभाव रहेको बुझिन्छ। कुमाउ वालेश्वर मन्दिरमा रहेको अभिलेखबाट क्राचल्ल वि.सं. १२६४ मा गद्दिमा आशिन देखिन्छन्। कुनै पुष्ट अभिलेख नभएपनि क्राचल्ल भन्दा ५ पुस्ता पहिले नै नागराजाहरूको राज्य स्थापना हुँदै आएको देखिन्छ।

नागराजका वंशहरूको क्रम-नागराज-चाप-क्राशिचल्लर क्राचल्लले आफूलाई परम सोगत (बुद्धका ठुला उपाशक) दानशील परायण भनि लेखाई बुद्धधर्मको आदर्श र आस्था देखाएका छन्। त्यस लेखमा क्राचल्लको दूल्लु नजिकैको श्री सम्पन्न नगर दिइएको छ। सो नाभिस्थानबाट श्रीस्थानसम्म एकघरबाट विरालो प्रवेश गरेमा घरको छानैछानो पुग्दथ्यो भन्ने गर्दछन्। ■

## ध्यानकुटी (मैत्री केन्द्र) बाल आश्रमलाई सहयोग

| क्र.सं. | दाताको नाम | प्रदान गरिएको सरसामान एवं रकम |
|---|---|---|
| ०१. | मंसीर ७ गते ध्यानकुटीमा उठेको चन्दा | रू. ८००/- |
| ०२. | भिक्षु कौण्डञ्ञ | ऊनी टोपी १२ थान र कापी कलम दर्जनौं। |
| ०३. | भिक्षु शोभित र गण विहारकी उपासिका | विस्कुट, चाउचाउ, दुनट आदि। समय समयमा दिउँसोको चियापान। |
| ०४. | संघारामका उपासिकाहरू शारदा तुलाधर, चलिशोभा तुलाधर र पंचकुमारी नकर्मी आदि। | वस्त्र। (बाल आश्रमका बालबालीकाहरू एवं कर्मचारी हरू समेत लाई) ३ दर्जन स्टील कपहरू (ध्यानकुटी विहारलाई)। |
| ०५. | बेतीमाया शाक्य, ललितपुर (७७ वर्ष पुगेको उपलक्षमा) | रु ६००/- र ३ पाथी चामल। |
| ०६. | ध्यान कुटि कठिन उत्सव (बिजुलिलाई) | रू. १०००/- |

**अर्थः** मज्झिमाथेर हिमवन्त जानुभई यक्षहरूलाई धम्मचक्कप्पवत्तनसुत्तको देशना गर्नुभई प्रसन्न पार्नुभयो ।

# विनयपिटके पाराजिककण्ड-अट्ठकथा-१

**(समन्तपासादिका) पृ. ४५-४९.**

***छट्ठसगायना संस्करण (देवनागरी लिपि)***

**- भिक्षु विपस्सी,** बैंकक

यहि वर्णन महावंश, शासनवंश र विनयपिटककै टीका ग्रन्थ सारत्थदीपनी-टीकामा पनि पाइन्छ । तर यो नै सम्बभन्दा राम्रो वर्णन हो र अन्य कुनै स्रोतसित मतभेद पनि छैन ।

यो वर्णन पढ्दा हामीलाई स्वयम्भूतिर बसेर स्वयम्भुपुराण सुनिरहेको जस्तो भान हुन्छ । नेपालको (उपत्यकाको) प्राचीनकालदेखि अटूट रूपले बुद्धधर्मको केन्द्र रहि आएको स्वयम्भूमा धेरै बालबच्चा भएकी सीतला (बिफर) की देवी हारति यक्षणीको मन्दिर पनि रहेको छ । नागहरूको वास भएको र दमन गरिएका दहहरू पनि अझै छन् । अशोकका धर्मदूतहरूले सर्वप्रथम देशना गरेको सूत्र याद दिलाउने धर्मचक्र महाविहार पनि त्यहिं छ । यस उसले पालिवाङ्मयको यस्तो वर्णनको झीनो स्मरण स्वयम्भू पुराणमा रहेको अनुभूति हुन्छ । भिक्षु, लामाहरूबाट गरिने पुजापाठले अग्नि, जल, नाग भूत प्रेत पिशाचका प्रकोपबाट रक्षा हुने विश्वास पनि नेपाली जनता मा रहिआएकै छ । यसरी प्राचीन नेपालको परिचय दिने श्रोतहरूमध्ये पालिवाङ्मयको विशिष्ट स्थान छ । यहाँको पुराण वंशावली आदि लेख्नको लागि समेत प्रेरणा दिएको देखिन्छ । अर्को शब्दमा यहाँका बौद्धपुराण/वंशावलीहरू पालिवाङ्मयको वर्णनको प्रतिध्वनि हो । तर हामीकहाँ विद्वानहरू भने यसरी सकारात्मक दृष्टिको पुष्टि हुने श्रोतको अध्ययन नै नगरिकन बौद्धपौराणिक उल्लेखलाई अतिरंजित, अयथार्थ, काल्पनिक, असंभव भन्दै आत्मरतिमा डुबिरहेका आँखा खोलने बेला भइ सकेको छ । उपर्लिखित हिमालयको देश भागमा धर्म-प्रचार गर्न आएका अशोकका धर्मदूतहरू अवश्य पनि मनगदन्त कथा मात्र होइन । पुरातात्त्विक प्रमाण, अभिलेख प्रमाण आदीबाट पनि युक्त छन् । साँचिस्तूपमा पाइएका उहाँहरूका नाम अंकित अस्तुहरू र बट्टाहरूको जानकारीले कुरो स्पष्टयाएको छ । लण्डनस्थित व्रिटिश म्यूजियममा तिनको विहंगम दर्शन यो पंक्तिकारले पनि गर्न पाएको छ । यस्तो महत्त्वपूर्ण ऐतिहासिक घटनाको वर्णन सर्वसाधारण नेपाली जनताले पनि जानकारी राख्नुको महत्त्व अनेक दृष्टिकोणबाट छ, चाहे राजनीतिक, चाहे ऐतिहासिक, चाहे धार्मिक सांस्कृतिक, किन नहोस् ।

***मूलश्रोतहरू :***

१. समन्तपासादिका (विनयपिटक अट्ठकथा, पाराजिककण्ड वण्णना)

२. सारत्थदीपनी-टीका-१, आचरियपरम्परा कथावण्णना (विनयपिटक)

३. सासनवंस

४. महावंस

*यी ४ वटा ग्रन्थहरू विपश्यना रीसर्च इन्स्टिच्यूट, भारत बाट वितरित सीडी रममा भएको तथा प्रकाशित ग्रन्थहरू प्रयोग गरेको अन्य श्रोत:*

५. Sir John Marshall and Alfred Foucher;
The Monuments of Sanchi, India.



Downloaded from http://www.dhamma.digital

अब त सहभागीहरूको बानी राम्ररी नै बसिसकेको जस्तो लाग्यो। कठ्यांग्रिएको यस्तो जाडोमा र संकटकालिन अवस्थामा पनि ठीक समयमा नै सबैजना उपस्थित हुनुभयो। खुशीको कुरो हो यो।

एकजना सहभागी- यसपाली त धेरै विहारहरूमा भिक्षु संघलाई कथिन चीवर दान महोत्सव धुमधामले सम्पन्न गरियो नि ! के बुद्धको पालादेखि चलि आएको चलन हो यो ?

आयोजक - हो नि ! यो कथिन चीवर दान दिने चलन त बुद्ध कालिन समय देखि नै चलि आएको चलन नै भएको देखिन्छ। किनभने कथिन चीवर दान विषय त विनय पिटकमा नै उल्लेख गरिएको पाइन्छ। तर आजभोली हामीकहाँ सैकडौं भिक्षु भिक्षुणीहरू र हजारौं उपासक उपासिकाहरूलाई निमन्त्रणा गरी बुद्ध पूजा र धर्मदेशना गर्ने चलन चलेको छ। तर यी चलनहरू भने त्रिपिटकमा उल्लेख भएको पाइन्दैन।

बुद्धकालिन समयमा त चीवर नभएको भिक्षुलाई मात्र कठिन चीवर दान दिने चलन थियो। हाल चलिरहेको चलन थेरवादी परम्परा अनुसार संञ्चालित चलन मात्र हो।

तर आजभोली यहाँ पनि कहिं कहिं पाँच छ जना भिक्षुहरूलाई निमन्त्रणा गरी साधारण तरिकाले कठिन चीवर दान दिने चलन चलाउन थालेको देखिन्छ। उदाहरणको लागि कीर्तिपुर नगर मण्डप विहारमा दुई तीन वर्ष देखि पाँच छ जना भिक्षुहरूलाई निमन्त्रणा गरी कथिन चीवर दान महोत्सव मनाउँदै आइरहेको छ। यसपाली त थाइलैण्डका पूज्य संघराजाले नै कथिन चीवरको साथै लाखौं रकम पठाउनु भएको समाचार अखवारमा छापिएको थियो। उक्त कार्यक्रममा मन्त्री र राजदूतहरूको समेत उपस्थिती रहेको थियो। तर यसपाली पनि त्यस विहारमा साधारण तरीकाले मात्र कथिन दान महोत्सव मनाइयो।

पद्म सुगन्ध विहार, चारुमती विहार, त्रिशूली स्थित सुगतपुर विहार र ठेचोको वेलुवनाराम विहार हरूमा त कथिन चीवर दान उत्सव मनाइएन। तर कथिन चीवर दान दिनुनै पर्छ भन्ने अनिवार्य पनि छैन।

तैपनि हामीकहाँ आजभोली मनाउँदै आइरहेको कथिन उत्सव कार्यक्रमहरू धर्मप्रचारको दृष्टिकोणले, धार्मिक गतिविधिहरू देखाउनको लागि र दान प्रदान गरी त्याग चित्त बढाउने दृष्टिकोणले त राम्रै लाग्छ।

अर्को एक सहभागी- धेरै जसो ठाउँमा अष्ट परिष्कार पनि पर्याप्त मात्रामा दान दिएको देखियो। के यो पनि बुद्धकालिन पाला देखि चलन चल्तिमा आएको नियम हो ?

आयोजक - यो चलन त बुद्धकालिन समयदेखि चलिआएको चलन भन्न त मिल्दैन। भिक्षु अमृतानन्द महास्थविरले धर्म देशनाको शिलशिलामा भन्नु भएको थियो– त्रिपिटकमा अष्टपरिष्कार शब्द कतै उल्लेख भएको पाईदैन। यो चलन बुद्धकालिन समयपछि मात्र चलेको हो। जातक अर्थकथामा यो शव्द उल्लिखित छ। बुद्ध जीवनीमा सिद्धार्थ कुमारले राज्य त्याग गरेर जाँदा अष्ट परिष्कार दान प्राप्त गर्नु भएको कुरा उल्लेख गरिएको छ। यसरी किंवदन्तीको रूपमा पछि थपिएको थेरवादी परम्परा हो यो।

अर्को एक सहभागी- त्यसो भए अष्ट परिष्कार दान प्रति बुद्धशासनको के कस्तो महत्त्व छ त ?

आयोजक - महत्त्व त धेरै छ नि। भिक्षुहरू धर्म प्रचारार्थ गृहस्थ जीवन त्याग गरेका श्रमणहरू हुन्। पहेंलो लुगा (चीवर) लगाएर नगर नगर गाउँ गाउँमा धर्म प्रचारार्थ चारिका गर्थे उनीहरू। आजभोलीको जस्तो यातायात र पाटी पौवाको व्यवस्था थिएन। तीनवटा चीवरहरू मध्ये एउटा बाक्लो चीवर काँधमा बोकेको हुन्छ। त्यही चीवर ओढ्ने र ओछ्याउने काममा प्रयोग गरिन्छ। पानी पिनउको लागि छानेर मात्र पिउनु पर्ने नियम छ। खोलाको फोहर पानी पिउनु हुँदैन। खाना राख्नको लागि भिक्षापात्र चाहियो। चीवर अड्काउनको लागि एक कम्मर पेटीको जरुरत हुन्छ। कपाल खौरनका लागि छुरा र चीवर फाटेमा सिउने र टाल्ने कार्यको लागि धागो र सियोको जरुरत पर्ने भएकोले यी अत्यावश्यक ८ वटा चीजहरूलाई अष्ट परिष्कार

भनिन्छ । बुद्ध शासन चीरस्थायी गर्नका लागि उपर्युक्त अष्टपरिषकार धेरै उपयोगी छ । यी आठवटा वस्तुहरू भिक्षुहरूको व्यक्तिगत सम्पत्ति भनी पाली साहित्यमा उल्लेख गरिएको पाइन्छ ।

बुद्धकालिन समयमा चीवर अभाव भएको देखिन्छ । त्यसैले बुद्धले भिक्षुहरूलाई पांशुकूल (श्मशानमा फालिएका धूलो लागेको कपडा) लगाउन निर्देशन दिनु भएको थियो ।

तर आजभोली चीवरको त्यति अभाव देखिदैन । अत: पांशुकुल चीवरको आवश्यकता छैन ।

अर्को एक सहभागी - थेरवाद बुद्ध धर्म बुद्धको पाला देखिको होइन भनिन्छ नि ? के भनेको हो यो मैले बुझ्न नै सकेन ।

आयोजक - बुझ्नलाई विवेक बुद्धि पनि त चाहियो नि । आजभोली विहार विहारमा सैकडौं मानिसहरूको जमघट भएर बुद्धपूजा र दानप्रदानको कार्यक्रम हुन्छ । महापरित्राण पाठ हुने गर्छ । मण्डप बनाउँछ, पानीको कलश राखेर वत्ति बालिन्छ, यी सबै थेरवादीहरूको परम्पराबाट आएको चलनहरू हुन् । यी सबै चलनहरू बुद्धकालिन होइनन् । परित्राण पाठ गर्ने चलन त बुद्धकालिन समयमा पनि थियो । तर आयु क्षय भैसकेकालाई पनि परित्राण पाठ गरेर आयु बढ्छ भन्ने विश्वास थेरवादी परम्परामा रहेको देखिन्छ । यो कुरो बुद्ध शिक्षासंग मेल खाँदैन । रोग निवारण कार्यको लागि त परित्राण कामलाग्छ । यो मनोबैज्ञानिक उपचार हो । बुद्धको सत्य, मैत्री र करुणाको प्रभाव हो यो । परित्राण पाठ सुन्दा मन आनन्द हुन्छ । आनन्दी मनले रगत सफा हुन्छ । अनि नचाहिने चिन्ताबाट मुक्त हुन्छ । यही नै परित्राणको उपलब्धी हो । यो थेरवादी नियम पनि हो ।

एकजना सहभागी बुद्धको उपदेश र शिक्षा बुझ्न त्यति सजिलो छैन । बुझे पनि व्यवहारमा प्रयोग गर्न भने अप्ठयारो रहेछ । साम्प्रदायिक चिन्तनबाट विल्कुल मुक्त भएर सोच्नु पर्दोरहेछ ।

नयाँ सहभागी- कतिपय कथिन उत्सवमा भाग लिने मौका पाएँ । बर्माबाट आउनु भएका एकजना महास्थविर भिक्षुले उपदेश दिदै भन्नुभयो-"कथिन चीवर प्राप्त गर्ने भिक्षुलाई पाँचवटा फलहरू प्राप्त हुन्छन् । ती मध्ये एक यसरी छ कथिन चीवर प्राप्त नभएको बेलामा जुन काम गर्दा आपत्ति दोष लाग्दथ्यो, कथिन चीवर प्राप्त भएपछि त्यस आपत्तिबाट मुक्त होइन्छ ।

त्यस्तै कथिन चीवर दान दिने व्यक्तिलाई पनि पाँचवटा फाइदाहरू प्राप्त हुन्छन् ।"

के यो बुद्धकालिन समयदेखि लागु भएको कुरो हो । के यो कुरो बुद्धशिक्षा अनुकूल छ र ?

आयोजक- "तपाईंले किन यस्तो प्रश्न गर्नु भएको ?"

सहभागी- किनभने बुद्ध शिक्षा अनुसार पुण्य कर्म गर्ने भनेको नै तृष्णा क्षयको लागि हो । उपयुक्त कुरा त प्रलोभन र तृष्णा बढ्ने कुराहरू भए नि होइन र ?

आयोजक- तपाईंले राम्रो प्रश्न गर्नुभयो । तर सही उत्तर दिन भने अप्ठयारो नै छ । साँच्चै भन्ने हो भने यो बुद्धकालिन समयको कुरो हाइन । बुद्ध परिनिर्वाण पछि ब्राह्मणवाद घुसेको कुरो हो यो ।

सहभागी- मैले बुझे अनुसार त बुद्धले भन्नुभएको नै छ- "पुस्तकमा, त्रिपिटकमा उल्लेख गरिएको छ भन्दैमा, ठूलठूला विद्वानहरूले भन्नुभएको छ भन्दैमा आफ्नो स्वतन्त्र चिन्तनले विचार गरी ठीक वेठीक नछुट्टाईकन स्वीकार गर्न हुँदैन । सुनारले सुन परीक्षा गरे जस्तै कसैको पनि कुरालाई जाँचेर बुझेर मात्र स्वीकार गर्नुपर्ने हो । होइन र ?

आयोजक - थेरवादीहरूको नियम अनुसार त त्रिपिटकमा लेखिएको कुरोलाई आँखा चिम्लिएर स्वीकार्नु पर्छ । होइन भने पाप लाग्छ । तपाइँले बुद्ध शिक्षालाई उल्लेख गर्नु भएको त ठीकै छ । तर थेरवाद अनुसार भने त्यसलाई पनि स्विकार्न गार्है मान्छ । तर जे होस् बुद्धको स्वतन्त्र चिन्तनमा आधारीत शिक्षालाई हामीले बुझेर त्यसलाई व्यवहारमा उतार्न सक्नु परेको छ । अनि मात्र हामी बुद्धको सच्चा शिष्य बन्न सक्ने छौं । प्रमुख कुरो त हामीलाई बुद्धको सच्चा शिष्य बन्नु परेको छ । कट्टर थेरवादीमात्र होइन ।

लौ त आज थुप्रै विषयमा जानकारी हासिल गरियो पनि आजलाई यत्तिकैमा छलफल समाप्त गर्नु पर्ला । ■



Downloaded from http://www.dhamma.digital

# सबै जातजातिका लागि खानेपानीका कुवाहरू खुला

**– हेमन्त पौडेल**,गोदावरी, कैलाली

मुलुकी ऐन दिवसको अवसर पारी कैलाली जिल्लाको गोदावरी गाविसमा निर्माण गरिएका खानेपानीका कुवाहरूलाई शुक्रबारदेखि सार्वजनिकरूपमा सबै जातजातिका लागि खुला गरिएको छ ।

६५ प्रतिशत दलित जातिको बसोबास रहेको यस गाविसमा निर्माण गरिएका खानेपानी कुवाहरूमा सार्कीले छोएको पानी दमाईले नखाने, दमाइले छोएको पानी कामीले नखाने अवस्था विद्यमान थियो । सरकारले गरेको जातीय छुवाछूतरहित समाज र मुलुकी ऐनमा पनि भएको व्यवस्थालाई व्यवहारमा लागु गर्नका निम्ति विश्वकर्माहरूका कुवा शुक्रबारदेखि सबैका लागि खुला गरिएको कुरा राष्ट्रिय दलित समाज कल्याण संघ कैलालीका अध्यक्ष रवीन्द्र गहतराजले बताउनुभयो ।

कुवा सबैका लागि सार्वजनिक गर्ने कार्यक्रमपछि 'विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिसक्दा पनि हाम्रो समाजमा मानवले मानवलाई छुन नहुने अवस्था कायम रहनु ज्यादै दु:खको कुरा भएको' अध्यक्ष गहतराजले बताउनुभयो । विश्वकर्माहरूको खानेपानी कुवा सार्वजनिक गर्ने क्रममा स्थानीय दमाई थरका शालीमान नेपालीले कुवाबाट पानी झिकेर विश्वकर्मा थरका कर्णबहादुर विश्वकर्मालाई पानी खुवाएर कुवा सबैका लागि खुला भएको घोषणा गरिएको थियो ।

'पहिलो पटक दमाईंको हातको पानी खान लाग्दा पानी घाँटीमा नै अड्किन्छ कि जस्तो लाग्यो, तर पानी खाएपछि त्यस्तो केही लागेन' - कर्णबहादुरले भने ।

आफूलाई तल्लो जातको सम्झने पद्मा दमाईले जिन्दगीमा पहिलोपल्ट विश्वकर्मालाई पानी खुवाउनुपर्दा आफूलाई सपनाजस्तो लागेको बताइन् । 'विश्वकर्माको कुवाबाट पहिलोपटक पानी निकाल्दा ठूलै गल्ती गरेजस्तो लागेर मुटु ढुकढुक गरिरह्यो' - पद्माले भनिन् । यस गाविसमा ९५ प्रतिशत दलितहरूको बसोबास रहे पनि त्यसमा रहेका आधाभन्दा बढी प्रतिशत दमाईहरू छन् । माथिल्लो जात भनिनेसँग हात जोडेर गुलामी गरेपछि कुवाको पानी दिने गर्दथे, यदि गुलामी गरिएन भने चार घण्टाको पैदल बाटो हिँडेर पानी ल्याउनुपर्ने बाध्यता थियो, तर गाविस अध्यक्ष मानसिंह विश्वकर्माको सक्रियता र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ कैलालीको पहलमा खानेपानी कुवा सबैका लागि सार्वजनिक गरिएपछि पानी बोक्ने समस्याबाट मुक्त भएको कुरा शालीमान दमाईले बताए ।

सो अवसरमा गोदावरी गाविस अध्यक्ष मानसिंह विश्वकर्माले हाम्रो समाजमा विद्यमान चेतनाको अभावमा कुनै पनि काम गर्न कठिनाई हुने गरेको बताउदै अन्धविश्वासमा रुमल्लिएको समाजलाई त्यसबाट मुक्त गर्न समय लाग्छ भन्नुभयो । 'लामो समयको प्रयासबाट हाम्रो गाउँको खानेपानी कुवा खुला गर्न सफल भएका हौं, यो हाम्रो लागि महत्त्वपूर्ण कमद हो' - अध्यक्ष विश्वकर्माले भन्नुभयो ।

राष्ट्रिय दलित समाज कल्याण संघ कैलालीको अगुवाईमा यस भन्दा पहिला पनि दलितहरू मन्दिर पस्ने घोषणा गरिएको थियो । दलित व्यक्ति मन्दिरको पुजारी हुन नपाउने सामाजिक परम्परालाई तोड्दै स्थानीय शिव मन्दिरमा आफ्नै पुजारी राखेर दलितहरूले पूजाआजा सम्पन्न गर्दै आएका छन् । *साभार : नेपाल समाचार पत्र*

# ब्राह्मणलाई अछूत बनाइयो

इन्द्रपुर गाविस-४ बस्ने दुर्गाप्रसाद गैरी पिप्लीलाई हालै स्थानीय ब्राह्मणहरूले विश्वकर्मा थरका व्यक्तिको घरमा खाजा खाएको आरोपमा सार्वजनिक बेइज्जती गर्दै अछूत घोषणा गरेका छन् ।

प्राप्त विवरणअनुसार स्थानीय माधव ढकाल, खेमनाथ पराजुली, भीमप्रसाद ढकाल, गोपाल ढकाललगायत केही व्यक्तिहरूले उनलाई जनै लगाउन नदिने र कसैले पनि उनले छोएको खान नहुने भन्ने गाउँभरि हल्ला गरेका छन् । उनलाई जातबाट समेत हटाइएको सुचना गाउँमा फिँजाइएको छ ।

नेपाल उत्पीडित जातीय मुक्ति समाज मोरङले उक्त घटनाको कडा शब्दमा विरोध गर्दै एक्काइसौं शताब्दीमा पनि छूत र अछूत भनेर भेदभाव गर्नेहरूलाई कडा कारवाही गर्नुपर्ने माग गरेको छ । समाजका मोरङ जिल्ला अध्यक्ष खेम नेपालीद्वारा शनिबार यहाँ प्रकाशित गरिएको विज्ञप्तिमा त्यस्ता व्यक्ति समाज परिवर्तनका बाधक हुने भएकाले कडा कारबाही गरिनुपर्ने उल्लेख छ । *साभार : नेपाल समाचार पत्र*

*यो पनि थाहा पाइराख्नु पर्ने कुरा ...*

# दिनहुँ मारपिट हुने ठाउँमा होहल्लासमेत बन्द

प्रत्येक दिन झगडा हुने फुलेक गाविस तेह्रथुममा अहिले झगडा त परै जाओस्, सामान्य होहल्लासमेत हुन छोडेको छ ।

यो कार्य गाविसको कार्यालयले हालै जाँडरक्सी बेचबिखन र जुवातास खेलाउने कार्य बन्द गरेपछि भएको हो । अहिले फुलेक गाविसमा जाँडरक्सी र जुवातास पूर्णरूपले निषेध रहेको छ ।

धनकुटा जिल्लाको मूर्तिढुङ्गा गाविससँग सिमाना जोडिएको यस गाविसमा जाँडरक्सी निषेध भएपछि जनसहभागितामा बृद्धि भएको कुरा गाविसका अध्यक्ष महेन्द्र पौडेल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ- 'दिनभरि काम गर्‍यो, बेलुकी भएपछि जाँडरक्सी खायो, हल्ला गर्‍यो अनि झगडा गर्‍यो । यसले गर्दा गाविसले झगडा मिलाउनेबाहेक अन्य काम गर्न पाउँदैनथ्यो, तर अहिले गाविसको बोर्ड वैठकले जाँडरक्सी र जुवातास निषेध गर्ने निर्णय गर्दै जाँडरक्सी बेचबिखचन र जुवातास खेल्ने-खेलाउनेलाई जनही जरिवाना गर्ने निर्णय गरेपछि शान्ति छाएको छ ।'

जरिवाना गर्ने निर्णयअनुसार जाँडरक्सी बेच्ने र जुवातास खेलाउनेलाई जनही १ हजार रुपियाँ तथा पिउने र खेल्नेलाई जनही ५ सय रुपियाँ जरिवाना रहेको छ । यो निर्णय गर्नुभन्दाअगाडि जुवातासको बहाल रातदिन चल्दथ्यो भने जाँडरक्सीका भट्टीहरू अत्यधिकरूमा वृद्धि भएको थियो ।

यस गाविसमा जाँडरक्सी निषेध गर्न यहाँ सञ्चालित गाउँ विकास कार्यक्रमको पनि ठूलो सहयोग रहेको छ । गाउँ विकास कार्यक्रमअन्तर्गत गठित लालिगुराँस महिला समूहकी अध्यक्ष खिनामाया गौतम भन्छिन्- 'जाँडरक्सी बेच्न र जुवातास खेलाउनेहरूको विरुद्ध हामीले महिला जागरण अभियान चलाएका छौं । हामी जाँडरक्सी बेच्ने महिल्महरूलाई नबेच्न सम्झाउँछौं र जुवातास खेल्ने आफ्ना परिवारका सदस्यहरूलाई निगरानी गर्दछौं ।'

*साभार : 'समाचार पत्र'*

# बुद्ध पूजा

– सरोज उदास, पोखरा-३

आत्मिक श्रद्धा जगाई
श्रद्धाले शीर झुकाई
गरौं सदा नमस्कार
त्रिरत्नलाई

काटमार दु:खदायी
प्राणी हिंसा नगरौं
प्रतिष्ठामा धब्बा लाग्छ
चोरी कर्म नगरौं

चरित्र नष्ट हुन्छ
भ्रष्टाचार नगरौं
ईमान विश्वास हराउँछ
झुठो बोली नबोलौं

धनको नाश पाटी वास
जुवा तास नखेलौं
दुर्ब्यसनले सर्वनाश
सुरापान नगरौं

बिलासी र कष्टदायी
अति मार्ग छोडौं
मानव हितको लागि
मध्यम मार्ग रोजौं

धुप नैवेद्यफूल चढाई
हुन्न सजाई धोजा
शीलाचरण गर्न सके
हुन्छ बुद्ध पूजा

पुकार मात्र गरी हुन्न
सम्बुद्धको नाम
शील पालन धर्मधारण
विना छैन काम

बुद्ध धर्म संघको
शरणमा जानु
दुर्लभ मानव जीवन
सुसंस्कृत बनाउं



Downloaded from http://www.dhamma.digital

# "मोक्ष प्राप्ति'

- कवीन्द्र वज्राचार्य "वोधिसत्व"

धनसम्पत्ति आफूसित लगिन्न
ब्यर्थैमा सिंचित नगर्नू
दीन दुःखीको भलो हुन्छ
लोभी हैन दानी हुनू

लक्षित कार्य साफल्य तुल्याउन
उच्छृंखल हैन अनुशासित हुनू
हिंसा, चोरी, व्यभिचार त्यागी
सत्यवादी अनि शीलवान् हुनू

वैमनस्यता जन्मन्छ
ईर्ष्या र द्वेष नराख्नू
कसैबाट अपकार हुँदा पनि
क्रोध हैन क्षमा दिनू

रोगी देख्दछौ जब तिमीले
घृणा हैन माया गर्नू
सो भलो मात्र चिताउने संसारमा
स्वार्थी हैन निस्वार्थी बन्नू

जुनसुकै प्राणीसंग पनि
शत्रुता हैन मित्रता गाँस्नु
कसैले विगारेको छ तिम्रो
सराप्ने हैन प्रार्थना गर्नू

दुःख आइपर्छ जब तिमीलाई
भगवानको परिक्षा बुझी धैर्य गर्नू
देह, मन बुद्धिको बललाई
प्राणी हितमा लगाउनू

असल काममा चुनौती आए नि
डग्मगाउने हैन हिम्मत गर्नू
उच्च जीवन पाएका छौ मानवको
बेरोजगार हैन उद्यमी हुनू

अनित्य यो संसारमा
आसक्त हैन अनासक्त हुनू
क्लेश नाश गरी शान्ति पाउन
चित्त शुद्धि हुने ध्यान गर्नू

देह तिम्रो अस्थिर छ
जीवन छँदै जाग्नू
नाश गर्न सांसारिक दुःख
बेहोस् हैन प्रज्ञायुक्त हुनु

उचित शिक्षा हासिल गर्न
गुरु ज्ञानीको सत्संग गर्नू
सम्यक ज्ञानको चिन्तन मनन गरी
जीवनमा मोक्ष प्राप्त गर्नू

Dhamma.Digital

# कर्म र कर्मफल

*- भिक्षु अश्वघोषद्वारा लिखित, भिक्षु संघरक्षितबाट अनुदित*

तथागत गौतम बुद्ध देशना गर्नुहुन्छ–

**यानि करोति पुरिसो तानि पस्सति अत्तनि**
**कल्याणकारी कल्याणं पापकारी च पापकं ।**
**यादिसं वपते बीजं तादिसं हरते फलं ॥**

**भावार्थ :**

मानिसले जुनसुकै राम्रो नराम्रो काम गर्दा पनि काम गर्ने स्वयंले देखिरहेको हुन्छ यद्यपि कसैले नदेखेको होस् । नराम्रो कर्म गर्नेले नराम्रै फल भोग गर्नुपर्छ । राम्रो कर्म गर्नेले राम्रै फलको भोग गर्दछ । जस्तो बीज रोपिन्छ त्यस्तै किमिसका फल फल्छ । एक किमिसले भन्नुपर्दा, गहुँ रोप्दा गहुँ नै फल्छ सिवाय धान फल्दैन ।

यहाँ कर्म भनेको कामलाई भनिएको हो । परम्परादेखिको मानिसको विश्वास हो कि कर्म भनेको पूर्वजन्मको फल हो तर बुद्धको शिक्षाअनुसार संसारमा जति पनि घटना घटिरहेका छन्, ती सबै पूर्वजन्मकै कर्मअनुसार मात्र घटेका होइनन् । बुद्धको चिन्तनमा कर्मको नियम अलग्गै छ । सबै पहिलेको जन्मको कर्मफल मात्र होइन । त्यसो भन्नु वैज्ञानिक र व्यावहारिक पनि छैन किनकि यसै जन्मको पनि कर्मफल हुन्छ । 'पूर्व' को अर्थ पहिला र मानिसले बाल्यकालमा गरेको काम पनि हुनसक्छ र आमा-बाबुले गरिराखेको काम पनि हुन आउँछ ।

कर्मफलको कुरा बुझ्न त्यति सजिलो छैन । मैले पनि यसको बारेमा राम्रोसँग बुझ्न सकेको छैन तथापि मैले बुझेअनुसार कर्म र कर्मफलको बारे व्याख्या गर्ने प्रयास गर्दैछु । कर्मफल भनेको बुझ्न अति गाह्रो छ त्यस कुरालाई यस्तै नै हो भनेर निर्क्यौल गर्न सजिलो नभएको र छलफल गरेर अन्त नहुने भएर तथागत गौतम बुद्धले एक-पटक भिक्षुहरूलाई बताउनुभएको छ "कम्मविपाको भिक्खवे अचिन्तनीयो" अर्थात् भिक्षुहरू कर्मफलको बारेमा चिन्तन गरिराख्नु हुन्न, कल्पना नगर्नु नै उत्तम छ ।

एकपल्ट 'शुभ' भन्ने माणवक, जो पाप वा धर्म गर्नाको कुनै फल भोग गर्नुपर्दैन अथवा केही पनि कर्मफल भोग गर्नुपर्दैन भन्ने व्यक्ति थिए । उनी भगवान् बुद्धकहाँ पुगेर सोध्छन्- भो गौतम ! मानिसहरू चांडै किन मर्छन् ? आयु लामो हुने, दु:खी बन्ने, कुरूप हुने, गरीब र धनी बन्ने, रोगी हुने, उच्च वा नीच कुलमा जन्म हुने, निरोगी रहने आदिको कारण के हो ?

तब भगवान् बुद्धले शुभमाणवकलाई भन्नु हुन्छ- "कम्मस्सका मानवसत्ता, कम्मदायादा, कम्मयोनि, कम्मबन्धु, कम्मपटि सरणं, कम्मं सत्ते विभजति यदिदं हीनप्पणीतताय" अर्थात् माणवक, मानिसहरू आ-आफ्नै कर्मको अधीनमा छ, आ-आफ्नै कर्मको कारणले मानिसहरू उच्च वा नीच कुलमा हुने, कर्मअनुसारै प्रतिसन्धि (जन्म) लिने, कर्म नै आफ्नो आफन्त, कर्म नै आधार (भरोसा) हो । कर्मअनुसारले नै मानिसहरू विभिन्न स्वभावका भइराखेका हुन्छन् । यी उल्लिखित कुरा मज्झिम निकायको चूलकम्म विभंगसूत्रमा समावेश भएको छ । (मज्झिम निकाय)

चूलकम्म-विभंगसूत्रअनुसार आयु छोटो हुने विपाक प्राणीहिंसा गर्नाको परिणाम हो । नराम्रो अनुहार हुने, कुरुप बन्ने आदि क्रोध को परिणाम हो भन्ने आदि तवरले व्याख्या भइराखेको भएतापनि अंगुत्तर निकायको तीर्थायतनसूत्रमा भने सम्पूर्ण कुरा पूर्वजन्मको कर्मअनुसार हुन्छ भन्ने कुरालाई गौतम बुद्धले खण्डन गर्नुभई विरोध जनाउनुभएको छ । ठाउँ, परिस्थिति र व्यक्तिको चित्तअनुसार बुझिने किसिमले बहुजन हित र बहुजन कल्याणको निम्ति उपदेश दिनु गौतम बुद्धको विशेषता हो । तीर्थायतनसूत्रमा उल्लेख भएअनुसार संसारमा तीन-प्रकारका मानिसहरू छन् । ती हुन् -

१. एकसमूहका मानिसहरूको विश्वास छ- मानिसहरूले जति पनि सुख-दु:ख भोग गरिराखेका छन्, चाँडै मरिराखेका छन्, पेट दुखिरहेको छ, आयु लामो भइराखेको छ, धनी भएको छ, गरीब बनेका छन्, रोगी रहेका छन्, गाली अपशब्द सुन्नु परेको छ, नराम्रो हुनुपर्ने, चोरी गराएर बस्नुपर्ने कुटपिट गराएर रहनुपर्ने आदि सबै पूर्वजन्म कै कर्मफल हो ।

२. अर्को एकसमूहका मानिसहरूको विश्वास छ- जतिपनि मानिसहरूले सुख, दु:ख, ठूलो, सानो, धनी,



Downloaded from http://www.dhamma.digital

गरीब, कुरूप आदि हुनुपरेको छ, ती सबै ईश्वरको लीला र कृपाले भएको हो ।

३. अर्को एकसमूहका मानिसहरूको विश्वास छ- जतिपनि मानिसहरूले सुख-दु:ख तथा धेरै परिवार हुने, खान नपाएर अनाथ भइरहनुपर्ने आदि सबै कुनै पनि हेतु र कारण भएर होइन बरु स्वत: नै भएर आएको हुन्छ ।

यी तीनै समूहका मतलाई भगवान् बुद्धले स्वीकार गर्नुहुन्न । भगवान् बुद्ध भन्नु हुन्छ- यति सबै कुरा भइराखेको पूर्वजन्मकै फलले हो, ईश्वरको कृपाले हुने हो वा बिना कुनै कारणले नै हुने हो भने पेट दुख्दा र अन्यान्य बिभिन्न रोगले सन्चो नहुने बेलामा औषधी नगरे पनि हुन्थ्यो । कसैले कुट्न आए, चोर्न आए पनि मौन रहे हुन्थ्यो, पूर्वजन्ममा मैले पनि उसलाई कुटेर आएको थिएं हुँला, उसको बस्तु चोरेर आएको थिएं हुँला । खान नपाए पनि पूर्वजन्मकै कर्मफल भनेर चुप लागेर बसे हुन्थ्यो । त्यसो भए ईश्वरको लीला र कृपाले यसो भएको स्वभाव धर्म हो भन्ने सम्झी केही नगरी निष्क्रिय भईसके पनि भयो ।

गौतम बुद्ध भन्नुहुन्छ- सन्चो नहुने भनेको नै खानाको सन्तुलन नभएर, बढी खाई अजीर्ण भएर, कसैका पेटभरि पनि खान नपाएर, लामखुट्टेले टोकेर, सर्प तथा कुकुरले टोकेर, हावा र घाममा परेर, पानीमा भिजेर, जाडो र गर्मीले उचित नहुने कुरा खाएर पनि रोग हुने हुन्छ । सुत्न नपाउँदा पनि आँखा दुख्छ । फोहर तथा बासी खानेकुरा खाए पनि झाडाबान्ता हुन्छ । नमिल्ने व्यक्तिहरूसंग बस्नुपर्दा, मनपर्नेहरूसंग छुट्टिनु पर्दा पनि मानिसमा मानसिक रोग हुन्छ । पीर र चिन्ता केही नभए पनि मानिसमा मानसिक रोग हुन्छ । पीर र चिन्ता केही नभए पनि रोग हुँदैन र दीर्घायु हुनजान्छ । अनुकूल आहार प्राप्त नहुँदा र पीर-चिन्ता केही नहुँदा पनि रोग हुन्छ । शत्रुहरू भएमा पनि दु:ख कष्ट र बाधा पर्न जान्छ ।

पुन: मानिसको जन्म हुन पनि तीन संयोग पुरा भएको हुनुपर्छ–

१. पुरुष र महिलाको सम्भोग हुनुपर्छ,

२. महिला ऋतुमती भएको हुनुपर्छ

३. पुरुषको वीर्य ठीक ठाउँमा परेको हुनुपर्छ ।

यी तीन अंग पूरा भएमा मात्र मानिसको जन्म संभव हुन्छ, यो कुनै ईश्वरको कृपाले हुने होइन । यस सम्बन्धमा गौतम बुद्धको धारणा अंगुत्तरनिकायको तिकनिपातमा उल्लेख भएको पाइन्छ ।

दीघनिकायको अग्गञ्ञसूत्रमा गौतम बुद्धले भन्नुभएको छ– आदिम युगमा मानिसहरू सुखी-खुशी थिए । कुनै पनि वर्गभेद, जातिभेद, ठूलो-सानो भन्ने थिएन । दु:खीहरू प्राय: थिएनन् । सबै कृषि कार्य गरेर खानेहरू थिए । परस्परमा भागले पुगे जति बाँडेर खान्थे । पछि हुँदैजाँदा मानिसहरू अल्छी भएर आए । बलियोले जित्ने प्रवृत्तिको विकास भयो । बलवान्हरूले धेरै खेत आफ्नो भागमा लिनथाले । निर्धाहरूको लागि कमाउन खेत भएन । उनीहरूले खेत हुनेहरूको खेतमा काम गर्नथाले । जमीनमा मालिक र तल्सिङ्ग बने । खानलाई नपुगेपछि गरीबहरूले हुनेहरूको चोरेर लिन थाले । अनि उनीहरूलाई दण्ड सजायँ दिलाउन आफूमध्ये हाँकधाँक हुने बलियो मान्छेलाई राजा बनाए । यसरी, व्यवस्था नमिलेको हुनाले समाजमा धनी-गरीब भएको कुरा दीघनिकायको अग्गञ्ञसूत्रमा गौतम बुद्धले व्याख्या गरिराख्नुभएको छ । पूर्वकर्मवाद, ईश्वरवाद तथा केही कारण विना नै सबै हुने भन्ने विश्वास गर्नु मिथ्यादृष्टि हो, अन्ध विश्वास हो ।

गौतम बुद्धको कथनअनुसार कर्मफल भोग गर्नुपर्ने नियम पनि धेरै छन् । यसलाई नियाम धर्म भनिन्छ । संक्षिप्तमा, तिनीहरूको चर्चा यसअनुरूप गरिन्छ–

(१) उतु (ऋतु) नियम (= मौसमअनुसार हुने)

(२) बीज नियाम (= बीउअनुसार उब्जिने, उत्पन्न हुने)

(३) कम्म नियाम (= कामअनुसार हुने)

(४) धर्म नियाम (= प्रकृतिको स्वभाव अनुसार हुने)

(५) चित्त नियाम (= मनको स्वभाव अनुसार हुने)

**ऋतु नियाम :**

चैत-वैशाखमा मौसम अनुसार रूखहरूमा नयाँ पालुवा पलाउनु, आलुबखरा, आँप आदि फल्नु ऋतुहरूको अनुकूलमा मात्र हुने गर्छ । सुन्तला जाडो मौसममा मात्र फल्छ । लाहुरे फूल, मखमली फूल आदि भाद्र-आश्विन-कार्तिक महिनातिर मौसम अनुसार मात्र

फुल्दछन् । महिलाहरूले ऋतुमती भइसकेपछि मात्र सन्तान जन्माउन सक्छन्, अन्यथा सक्दैनन् । असारमा धान रोप्दामात्र धान फल्छ, जाडोमा धान रोपेर फल्दैन । जाडो बेलामा न्यानो लुगा र ओछ्यान नहुँदा पनि रोग लाग्न सक्छ । चिसो हुँदा रूघाखोकी लाग्दछ । अफ्रिकामा अति गर्मी हुने हुँदा त्यहाँ बस्नेहरू काला हुन्छन् ।

**बीज नियाम :**

बीज नियाम अर्थात् बीऊ अनुसारले फल फल्ने हो । बीउ राम्रो भएमा फल पनि राम्रो हुन्छ । सूर्यमुखी फूल घाम लाग्दामात्र फुल्छ । धान रोप्दा धानै मात्र उब्जिन्छ । गहुँ रोप्दा गहुँ नै मात्र उब्जिन्छ । काँक्रो रोपेर फर्सी भने पक्कै फल्दैन । मानिसको बीऊ (वीर्य) ले मानिस नै मात्र जन्माउँछ तर घोडा र गधाको सम्भोगमा भने खच्चर जन्मिन्छ । घोडाको बीज भएतापनि घोडा पनि होइन, गधा पनि होइन, खच्चर जन्मिन्छ भन्ने कुरा हामीलाई थाहा छ । कालाहरूबाट प्राय: कालै बच्चा जन्मिन्छ र गोराहरूबाट प्राय: गोरा बच्चा नै जन्मिन्छ ।

**कम्म नियाम :**

काम अनुसार मानिसको जात र नाम पनि परिवर्तन हुँदै जान्छ । कर्मफलको भोग अवश्यम्भावी छ । यसर्थ, गौतम बुद्ध बताउनुहुन्छ–

**न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो**
**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ॥**

**भावार्थ :**

जन्मले कोही पनि नीच (चण्डाल) हुँदैन, जन्मले कोही ब्राह्मण पनि हुँदैन । व्यक्तिको कर्म (काम) ले नै नीच हुन्छ, कामैले ब्राह्मण हुन्छ ।

धेरै अघिको कुरा हो । बुबा बिरामी भएर वीर अस्पतालमा भर्ना हुँदा म पनि एक-दुई महिना बिरामी कुरुवा बसेको थिएँ । त्यसबेला त्यहाँ नाकमा फुली भएकी एउटी राम्री केटीले बढारिरहेको देखें । मैले सोधें– ए, तिमी त बढार्ने मान्छे जस्तो त छैन नी । किन के भएर तिमीले यो काम गरेका हौ ?

तिनले जवाफ दिइन्– हजुर, म ब्राह्मण कुलमा जन्मेकी केटी हुँ । एकजना पोडेसँग कसरी-कसरी प्रेमजालमा फँस्न पुगें । त्यो पोडे दरवारमा कुचो लाउने व्यक्ति थियो । म पनि दरवारमा काम गर्थें । हामी दुईमा माया बस्यो । विवाह गरेर हाल म पोडेनी भएँ । मलाई माइतिघरमा भित्र्याउँदैन । तसर्थ, ब्राह्मणी भए पनि यस्तो काम गरिराखेकी छु । अब म पोडेनी भइसकें । त्यसको कुराबाट थाहा हुन्छ, मानिसको कामले नै नीच हुन्छ, कामले नै उच्च रहेछ । यो उँच-नीचको भेदभाव हाम्रो समाजमा मात्र अत्यधिक छ । यो हिन्दुस्तान देशबाट भित्रिएको रोग हो ।

अरू पनि एक-दुईटा उदाहरणको उल्लेख गर्नु उचित होला । पहिला आनन्दकुटी विहारमा दूध दिन आउने कसाही एकजना थियो । उसलाई सबैले 'ज्यापु' भन्दथे । मैले सोधें– तिमीलाई ज्यापु पनि भन्दछन्, कसाही पनि भन्दछन, किन हो ?

उसले भन्यो– "हो, म पहिला ज्यापु थिएँ । मैले कसाही महिलासँग प्रेम गरेर विवाह गरें । अब म पनि कसाही भएँ । अब खेती गर्दिन । भैंसी पालेर दूध दुहेर बेच्न लाने गर्छु । यसबाट पनि स्पष्ट हुन्छ, काम अनुसार मानिसले त्यसको परिणाम भोग्नु पर्दछ ।

एकजना ब्राह्मणले जुत्ता सिउने र पालिस लगाउने काम गरेर सार्की बन्यो । भारतको अम्बेडकर सार्की भएर पनि पढेर गुनेर मन्त्री बने, बुद्धमार्गी पनि बने । लाखौं-लाख दलित वर्गहरूलाई उनले बुद्धमार्गी बनाएर जातिभेदबाट पार लगाइदिए । उनको प्रयासले हिन्दुस्तानको राष्ट्रिय झण्डामा र नोटमा धर्मचक्र तथा अशोकको चिन्ह राखियो । अम्बेडकरले राम्रो असल काम धेरै गरेर गए । उनलाई अब करोडौं बम्बई र नागपुरका बासीहरूले बोधिसत्त्वका रूपमा मानेका छन् । कामले नै ठूलो व्यक्ति हुने, कामले नै राम्रो फल प्राप्त हुने कुराको यो एउटा ज्वलन्त उदाहरण हो । त्यसैले गौतम बुद्धले भन्नुभएको छ– "यादिसं वपते बीजं तादिसं हरते फलं" अर्थात् जस्तो बीऊ रोप्छौं, त्यस्तै फल प्राप्ति हुन्छ । राम्रो काम गर्दा राम्रो फल प्राप्त हुन्छ, नराम्रो काम गर्दा नराम्रो नै फल भोग्नुपर्छ ।

**धम्म नियाम :**

प्रकृतिको स्वभाव अनुसारले गतिविधि चलिरहेको हुन्छ । जतिसुकै विज्ञानले उन्नति गर्दा पनि प्रकृतिलाई



Downloaded from http://www.dhamma.digital

आफ्नो वशमा पार्न सकेको छैन । नयाँ-नयाँ औषधिहरू बनिरहेका छन्, प्राकृतिक नयाँ रोगहरू पनि देखिएको छ । पहिला क्षयरोग अति भयानक र डरलाग्दो थियो तर आजकाल यो त्यति डरलाग्दो रोग रहेन । अब क्यान्सरको रोग निस्कियो, त्यसको पनि औषधि बन्नथाल्यो । पहिला नै होश पुऱ्याएमा क्यान्सर जस्तो रोग पनि निको पार्न सकिन्छ । फेरि अब 'एड्स' भन्ने घातक महिला-पुरुषको लागि रोग भएर आयो ।

भुइँचालो आउने, बाढी आउने, आगो लाग्ने, रोग फैलिने, हुरीबतास चल्ने आदि यो लोकको स्वभावधर्म हो । आगोको स्वभाव तातो, पानीको स्वभाव भिज्ने, तरल हुने र बग्ने, हावाको स्वभाव हल्लिने र घचेट्ने, पृथ्वीको स्वभाव गऱ्हुँगो हुने आदि सबै प्रकृतिको स्वभावधर्म अनुसारै भएका हुन्छन् । चतुर्महाभूतको स्वभाव आफ्नै प्रकारको हुन्छ । कसैले भने जस्तो हुँदैन । यही प्रकृतिको स्वभाव धर्म हो ।

**चित्त नियाम :**

चिन्तन (चित्त) उत्पन्न हुन्छ, भंग हुन्छ । यसरी, चित्त कसैले केही गर्ननपर्ने गरी उत्पन्न भएर आउँछ, हराएर पनि जान्छ । जुन काममा पनि चित्त नै पहिला पुगेको हुन्छ । **"चेतनाहं भिक्खवे कम्मं वदामि"** अर्थात् भिक्षुहरू, चेतना नै कर्म हो भनी तथागत बुद्ध आज्ञा गर्नुहुन्छ । मानिसले पापकर्म गर्दा पनि धर्मकर्म गर्दा पनि चित्तले कल्पना गरी मनलाई अघि राखेर मात्र गर्ने गर्दछ । चेतना नभएको अथवा मनले थाहा नपाउने गरी प्राणीहिंसा भएछ भने पनि त्यसको पापभोग गर्न नपर्ने हुन्छ । जस्तो कि हिँडिरहेको बेला मनले पनि नदेख्ने आँखाले पनि नदेख्ने गरी खुट्टाले कुल्चेर स-साना कीराहरू मर्दछन्, जुन कर्मको पाप लाग्दैन । मानिसमा चेतना प्रमुख हो । कुल्चँदा मनले मार्छु भन्ने कल्पना गरेको छैन । कृषकहरूले खेत खन्ने बेला कीराहरू मरे पनि पाप लाग्दैन । खेत खनजोत गर्नु नै धान रोप्ने विचारले हो । 'परोपकारको पवित्र विचारले हो । प्राणीलाई मार्छु भनी मनमा धारणा नराखेकोले खेत खन्नेलाई पाप लाग्दैन । त्यस्तो बच्चाहरूले कीराहरू मारेर पाप हुन्छ भन्ने नजाने पनि कमिलाहरू, पुतलीहरू आदि मार्दा मार्ने भन्ने चेतना भएकोले बच्चाहरूलाई पाप लाग्दछ । त्यसैले गौतम बुद्धले भन्नुभएकोछ–

**मनोपुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया**
**मनसा चे पदुट्ठेन भासती वा करोति वा**
**ततो नं दुक्ख मन्वे चक्कं व वहतो पदं ॥**

**भावार्थः**

जुनै काममा पनि मन पहिले पुगेको हुन्छ र मन नै प्रमुख भनि मनले नै सबैथोक बनेको हुन्छ । नराम्रो विचारले बोल्दा वा कामगर्दा त्यसको फल गोरुको पछि-पछि गऱ्हुँगो पांग्रा गुडेर आएसरी विपाक पनि नराम्ररी मानिसको पछि-पछि लागेर आउने हुन्छ ।

चक्खुपाल भन्ने भिक्षु अरहन्त भएपनि उहाँले आँखाले देख्दैनथ्यो । वहाँ धेरैजसो ओहोर-दोहोर गर्नुभई चंक्रमण गरी दिन व्यतित गर्नुहुन्थ्यो । वर्षात कालमा जमीन भिजेको ठाउँमा धेरै कीराहरू, गड्यौंलाहरू जमीन माथि आइराखेका थिए । चक्खुपाल महास्थविर आँखाले नदेख्ने अन्धा भएको हुनाले कीराहरूलाई देख्नु भएन । खुट्टाले कुल्चेर धेरै कीराहरू मरेर गयो । गड्यौंलाहरू मऱ्यो । मानिसहरूले कीराहरू मरेको देखेर भिक्षु चक्षुपाललाई दोष दिए, गाली गरे ।

गौतम बुद्धले यी कुरा ज्ञात गर्नुभई आज्ञा गर्नुहुन्छ– चक्खुपाल (चक्षुपाल) भिक्षु आँखा देख्दैनन् तर अरहन्त छन् । उसमा प्राणीलाई मार्छु भन्ने चेतना र कल्पना नभएको हुनाले उसलाई पाप लाग्दैन । क्लेश रहित व्यक्ति पवित्र हुन्छ ।

चेतना अनुसार फल दिने वा नदिने सम्बन्धमा अर्कै एउटा पनि उदाहरण प्रस्तुत गर्दछु । एकजना डाक्टरले सन्चो नभएकोलाई पेट चिरेर कसर निकाली निरोगी बनाइदिन्छ । एकजना शत्रुले पनि चक्खुले पेट चिरेर मारिदिन्छि । दुवै पक्षबाट चक्कुले पेट चिरिदिने हो तर डाक्टरले करूणा राखी रोगीको पेट चिर्छ भने शत्रुले मार्ने चेतनाले नै शत्रुको पेट चिरिदिन्छ । त्यसैले चक्कु चलाउने शत्रुलाई पाप लाग्दछ, डाक्टरलाई धर्म हुन्छ । यो चेतनाको कुरा हो, चित्तको स्वभावको कुरा हो । त्यसैले गौतम बुद्धले भन्नुभएको हो– 'चेतनाहं भिक्खवे कम्मं वदामि' अर्थात् चेतना नै कर्म हो ।

यो कुरा राम्रोसँग बुझाउन अर्को एउटा घटना प्रस्तुत गर्दछु ।

*क्रमश :*

# बौद्ध झण्डा एक चर्चा

- खडगरत्न शाक्य

बुद्ध-शिक्षा प्रति श्रर्द्धा एवं आस्था राख्ने अधिकांश बुद्ध धर्माबलम्बीहरू आज बौद्ध झण्डाको अर्थ जान्न अति उत्सुक देखिन्छन् । बौद्ध झण्डामा पाँच प्रकारका रङ्गहरू अङ्कित भएको पाइन्छ जस्तै : निलो, पहेंलो, रातो, सेतो र कलेजी । तर त्यसको व्याख्या भने स्पष्टरूपमा कतै भएको देखिदैन । यो झण्डामा अङ्कित रङ्ग सम्बन्धमा विभिन्न बौद्ध विद्वानहरूको बेग्लाबेग्लै मत रहेको पाइन्छ । कोही भन्छन् निलोको अर्थ भगवान बुद्धको केशको रङ्ग, कोही भन्छ पहैंलोको अर्थ भगवान बुद्धको शरीरको रङ्ग, कोही भन्छ पहैंलो रङ्गको गौतम बुद्धको चीवरलाई अङ्कित गर्छ, कोही भन्छ रातो रङ्गको अर्थ भगवान बुद्धको शरीर भित्रको रगतको रङ्ग हो, कोही भन्छ सेतो रङ्ग भगवान बुद्धको दाँतको रङ्गको प्रतिक हो, कोही भन्छ सेतो रङ्गले भगवान बुद्धको अस्थिसित सम्बन्ध गाँसेको छ र अलेजी रङ्गले भगवान बुद्धको शरीरमा रहेको कलेजोको रङ्गलाई बुझाउँछ । साधारण किसिमले हेर्दा उक्त निलो र पहैंलोको व्याख्याबाट भगवान बुद्धलाई साधारण व्यक्तिहरू भन्दा बेग्लै चरित्र भएको व्यक्तिको श्रेणीमा राखेको देखिन्छ । किनभने शरीरको रङ्ग र केशको रङ्ग साधारण मानिसको भन्दा फरक छ भन्ने बोध यस व्याख्याबाट देखिन्छ । अरू तीन प्रकारको रङ्गको व्ख्याख्याबाट भगवान बुद्धलाई साधारण मानिस र अन्य प्राणीहरूको एउटै श्रेणीमा रोखेको देखिन्छ । कारण साधारण मानिसहरूको रगत र अन्य प्राणीहरूको रगत पनि रातो हुन्छ । त्यस्तै सबै प्राणीहरूको कलेजो पनि कलेजी रङ्गको हुन्छ भने अधिकांश प्राणीहरूको दाँत पनि सेतै हुन्छ । त्यस्तै प्रकारले पहैंलो रङ्ग भगवान बुद्धको बस्त्रसंग तुलना गर्ने हो भने भगवान बुद्धलाई दोस्रो श्रेणीमा रोखेको देखिन्छ । किनभने गौतम बुद्धले त्यही पहेंलो बस्त्रधारी भिक्षुको भेष देखेर नै बुद्ध पद लाभ गर्न आफ्नो सुख बैभवसहित गृह त्याग गर्नुभएको थियो । रातो, सेतो र कलेजी यी तीन किसिमको रङ्गलाई भगवान बुद्धको रगत, दाँत र कलेजोसँग दाँजीने हो भने भगवान बुद्ध र साधारण मानिसहरूमा कुनै भेद देखिंदैन । तर भगवान बुद्धलाई अरू साधारण मानिसहरूको समान श्रेणीमा राखेर हेर्नु उचित होला जस्तो लाग्दैन । भगवान बुद्ध बेग्लै चरित्र भएको एक असाधारण व्यक्ति मानिन्छ । भगवान बुद्धको बाहिरी शरीरको बनावट र बिचार कुनै पनि साधारण व्यक्तिसँग मेल खाँदैन । त्यसैले भगवान बुद्धलाई हेर्दा मनुष्य भन्दा माथि राखेर लोक हितको निमित्त जन्मेको आफ्नो छुट्टै पहिचान भएको सर्वज्ञता व्यक्तित्त्व भएको असाधारण व्यक्तिको रूपमा हेर्नुपर्छ भन्ने कुरामा सायद दुई मत नहोला । त्यसैले बौद्ध झण्डाको रातो, सेतो र कलेजी रङ्गलाई भगवानको रगत, दाँत र कलेजोसँग तुलना गर्नु उचित होला जस्तो लाग्दैन ।

कोही भन्छन्, बौद्ध झण्डाको रङ्ग निलो, पहैंलो, रातो, सेतो र हरियो हुनुपर्दछ । किनभने भगवान बुद्धले उरुवेलको निरञ्जन नदीको तीरमा रहेको बोधीबृक्षको फेदमा बसेर बोधी ज्ञान प्राप्त गर्नुभएपछि सप्त स्थानमा सात-सात दिनसम्म आफूले प्राप्त गर्नुभएको ज्ञानको सुख अनुभव गरेर आफूले प्राप्त गर्नुभएको ज्ञानबारे विश्लेषण एवं सिंहावलोकन गर्दै सुख आनन्दले बिताउनु भएको थियो । त्यसै क्रममा रत्नगृहमा सात दिनसम्म बज्रासनमा रही अभिधर्म बारे पुर्नविचार गरी हेर्नुभएको बखतमा उहाँको शरीरबाट नील, पीत, लोहित, ओदात र साम (नीलो, पहेंलो, रातो, सेतो र हरियो) पाँच प्रकारको रश्मी प्रकाश भएको भन्ने बौद्ध ग्रन्थमा उल्लेख भएको देखिन्छ । त्यही पञ्च रङ्गको प्रतिकको रूपमा बौद्ध झण्डाको रङ्ग रहेको भंन्ने पनि एकथरीको भनाई छ । यो दृष्टिकोणबाट हेर्दा यस भनाईले भगवान बुद्धको छुट्टै पहिचान रहेको देखाउँछ । किनभने आजसम्म कुनै पनि देव मनुष्यहरूको शरीरबाट कुनै विषय वस्तु बारे यथार्थ कुरा पत्ता लगाउने सिलसिलामा सोचाईमा रहँदा यसरी रश्मी निक्लेको भन्ने कुरा सुन्नमा आएको पाईदैन । अर्को कुरा श्रावस्तीमा भगवान बुद्धले यमक प्रातिहार्य देखाउनु भएको बखत देवलोकमा वर्षावास समाप्त गरी पृथ्वी लोकमा झर्नु हुँदा आफ्नो शरीरबाट पञ्चरङ्गी रश्मी निकालेको वर्णनले पनि बौद्ध झण्डाको रङ्ग त्यो पञ्चरङ्गी रश्मीसँग तुलना हुनु अनुचित जस्तो देखिंदैन । यसरी बौद्ध झण्डाको रङ्गको बारेमा विभिन्न व्यक्तिहरूको विभिन्न मत रहेको हुँदा यथार्थ रूपमा यस



Downloaded from http://www.dhamma.digital

बारे तथ्य कुरा प्रस्तुत हुन अति आवश्यक भइसकेको छ । जसरी एक देशको झण्डा अरू देशको झण्डासँग मेल खाँदैन, एक पार्टी वा संगठनको झण्डा अर्को पार्टी र संगठनको झण्डासँग मेल खाँदैन र त्यो देशको नागरिकले आफ्नो देशको झण्डालाई राष्ट्रिय झण्डाको रूपमा र कुनै संगठनको कार्यकर्तालि आफ्नो वर्गीय संगठनको सिद्धान्तको प्रतिकको रूपमा स्वीकारेको हुन्छ र त्यसमा एउटै देशको नागरिक र संगठनको कार्यकर्ताहरूको बीचमा कुनै मत भेद देखिदैन । त्यस्तै बौद्ध झण्डाको व्याख्यामा पनि सबै बुद्धअनुयायीहरूको बीचमा एउटै मत हुनुपर्दछ । यदि भगवान बुद्धको शरीर र पहिरणसँग झण्डाको रङ्गलाई तुलना गर्ने हो भने छुट्टै विशेषता झल्कने किसिमको हुनुपर्दछ । जस्तै रातो रङ्गलाई भगवान बुद्धको जिब्रो र पाइतलाको रङ्गसँग तुलना गर्न सकिन्छ र सेतो रङ्गलाई भगवान बुद्धको निधारको (आँखीभुई बिचको सेतो केशसँग तुलना गर्न सकिन्छ । त्यस्तै कलेजी र हरियो रङ्गलाई पनि अरू मानवमा नपाइने केवल भगवान बुद्धमा मात्र सीमित रहेको सांकेतिक चिन्हलाई लिनुपर्दछ ।

सिद्धान्तको रूपमा बौद्ध धर्मलाई व्याख्या गर्ने हो भने नीलोको अर्थ आकाश मान्नु पर्दछ जसरी आकाश भित्र सबै जात जाती, लिङ्ग, वर्ण, धर्मका व्यक्तिहरू साना ठूला सबै समान रूपले विना भेदभाव अटाउँछन् । त्यस्तै प्रकारले बौद्ध धर्ममा उक्त सबै थरिका जातजाती, धर्म, वर्ण, लिङ्गका मनुष्य जातीहरू जो सुकैले पनि सजिलैसँग स्वीकार गर्न सक्छन् र तिनीहरूले बौद्ध धर्मलाई सजिलैसँग ग्रहण गर्न सक्छन् अनि भगवान बुद्धले देखाउनु भएको मार्ग अनुसार चल्न सक्यो भने उनीहरूले पनि निर्वाण प्राप्त गर्न सक्छन् भन्ने संकेत हो ।

पहेंलो रङ्गले शान्ति र करूणालाई प्रतिनिधित्त्व गर्दछ । जसरी बौद्ध धर्मका नायक भगवान बुद्धले शान्ति र करूणाद्वारा विश्वमा विजय प्राप्त गर्नुभयो त्यस्तै बुद्ध अनुयायीहरू शान्ति प्रिय र करूणाले भरिएका हुनुपर्छ ।

रातो रङ्गले क्रान्तिलाई बुझाउँछ । क्रान्ति भन्नाले लडाई गरी देशको शासन पल्टाई अरूलाई दमन गरी सुख बैभवको लागि आफूले शासन गर्नुलाई भनिएको होइन । हाम्रो शरीर भित्रको मनलाई नियन्त्रण गरी राग, द्वेष र मोहलाई निर्मूल पारी निर्वाण प्राप्त गर्न घर व्यवहारमा लीनभएर शंख जस्तै निर्मल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्या पालन गर्नु त्यति सजिलो छैन भन्ने कुरा आफूले आफैलाई बुझाई काषायवस्त्र धारण गरी प्रव्रजित हुनु, शील र सदाचारले सम्पन्न भै इन्द्रियलाई दमन गरी स्मृतिवान तथा सन्तुष्ट भएर बस्न दृढ संकल्प गरिने संघर्ष हो । आफ्नो मनलाई नियन्त्रणमा लिनु साधारण मानिसले साधारण कसरत गरेर मात्र सम्भव छैन । यसको लागि ठूलो त्याग तपस्या गर्नुपर्दछ र आफ्ना मन भित्र आइरहने विभिन्न तरङ्गलाई दमन गर्न ठूलो संघर्ष क्रान्ति विना सम्भव छैन । तसर्थ क्रान्तिको अर्थ आफ्नो मनलाई परिवर्तन गरी पूर्णरूपमा नियन्त्रणमा राख्न गरिने संघर्ष हो ।

सेतो रङ्गको अर्थ हुन्छ होशियार । बौद्ध धर्ममा लागेका व्यक्तिहरू अरूहरूबाट हुने आलोचनाबाट ज्यादै होशियार हुन्छन् । जसरी सेतो लुगा लगाउने व्यक्तिलाई आफ्नो लुगामा धुलो, मैलो, दाग लाग्छ र अरूले फोहर पारिदिन्छ भन्ने कुरामा सार्है डर भइरहन्छ । त्यस्तै बौद्ध धर्मावलम्बीहरू शील र आचरणमा संधै होशियार भै सानो भन्दा पनि सानो दोषबाट पनि भय उत्पन्न हुन्छ भन्ने डरले संधै सतर्क रहिरन्छन् भन्ने कुराको संकेत हो । यसको उदाहरण हो भगवान बुद्धले भिक्षुहरूको लागि बनाइदिनु भएको पिण्डपात्र ग्रहण गर्ने नियम, आचार्य र शिष्यहरूले पालना गर्नुपर्ने नियम, शील प्रार्थना गर्दा गराउँदा वा पाठ गर्दा सङ्गीतमय स्वर निकाल्नु हुँदैन, पहेंलो बस्त्र धारण गरेर नाच, गान, बाद्य आदि तमासामा लिप्त हुनुहुँदैन र ऋद्धिप्राप्त भिक्षुहरूले जहाँपायो त्यहीं, जसलाई पायो उसलाई ऋद्धी लौकिक शक्ति देखाउनु हुँदैन भन्ने आदि नियमहरू सबै आलोचनाबाट बच्नको लागि नै बनाइदिनु भएको हो ।

हरियो रङ्गको अर्थ हुन्छ निर्वाण । जसरी हरियालीले छाएपछि वातावरणमा परिवर्तन आई मनमा आनन्दको अनुभव हुन्छ । त्यस्तै मन नियन्त्रणमा रहेपछि मन भित्रको राग, द्वेष, मोह हट्छ । राग, द्वेष, मोह हटेपछि मनले शुन्य अवस्थाको अनुभव गर्दछ । यो शुन्य अवस्थानै निर्वाण प्राप्तिको अवस्था हो । निर्वाण प्राप्त नै बौद्ध धर्मको सिद्धान्त अनुसार अन्तिम मोक्ष प्राप्त हुने अर्थात् संसारबाट मुक्त हुन गरिने अन्तिम प्रयास हो ।

■

### लुम्बिनीमा निशुल्क स्वास्थ्य शिविर

०५८ मंसिर ८,९ र १० गते, लुम्बिनी । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार काठमाडौंको आयोजनामा र दच मदत नेपाल फाउण्डेशनको प्रायोजनमा बुद्ध जन्मभूमी लुम्बिनीमा ३ दिन सम्म (मंसिर ८,९ र १० गते) धर्मकीर्ति निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको छ ।

उक्त शिविरमा १. सामान्य चिकित्सा २. बाल रोग ३. स्त्री रोग ४. नाक, कान, घाँटी ५. हृदय रोग ६. आँखा र ७ दन्त रोग आदि विषयका विशेषज्ञ चिकित्सकहरूबाट विरामीहरूको निशुल्क स्वास्थ्य परिक्षण तथा औषधि वितरण गरिएको थियो ।

पहिलो दिनको स्वास्थ्य शिविर लुम्बिनी स्थित खुंगाईको बुद्ध आदर्श निम्न माध्यमिक बिद्यालयको प्रांगनमा संचालन गरिएको थियो भने दोश्रो र तेश्रो दिनको स्वास्थ्य शिविर लुम्बिनी गार्डेन स्थित अन्तर्राष्ट्रिय गौतमी भिक्षुणी विहारमा संचालन गरिएको थियो । उक्त शिविरमा लुम्बिनी गार्डेन स्थित गाउँहरूका ५० वटा स्थानीय आवादीहरूबाट आएका लगभग २२४० जना भन्दा बढी विरामीहरूको स्वास्थ्य परिक्षण भएको थियो ।

कूल विरामीहरूमा ५८% पुरुष, ४२% महिला, २६% १६ वर्ष मुनिका बालबालिकाहरू रहेको कुरा बुझिएको छ । उक्त शिविरमा विरामीहरूलाई रू १ लाख ५० हजार बराबरको औषधीहरू निशुल्क वितरण गरिएको थियो । यी बाहेक विभिन्न औषधी कम्पनीहरूबाट निशुल्क प्राप्त भएका नमूना औषधीहरू पनि वितरण गरिएका थिए ।

स्वास्थ्य परिक्षण गराउन आएका विरामीहरूबाट स्वास्थ परिक्षण गराइएको बापतको शुल्क रू ५/- दर्ता शुल्कको रूपमा लिइएको कुरा बुझिएको छ । स्वास्थ्य शिविरबाट संकलित उक्त रकम स्वास्थ्य शिवर संचालनार्थ स्थान उपलव्ध गराई आवश्यक सहयोग उपलव्ध गराउनु भएका संस्थाहरूलाई नै प्रदान गरिएको थियो ।

उक्त शिवरमा आफ्नो अमूल्य समय प्रदान गरी चिकित्सा सम्बन्धि सेवा पुऱ्याउनु हुने सहभागी चिकित्सकहरू एवं यस क्षेत्रका अन्य सहयोगीहरूको नाम यसरी रहेको छ ।

*बालरोग-* डा. चन्द्रेश रत्न तुलाधर र डा. रसिला अमात्य  
डा. प्रवि प्रधान, डा. शुषमा भण्डारी

*दन्त रोग-* डा. माणिकरत्न बज्राचार्य, डा. अनिल शाक्य

*मुटु रोग-* डा. मोतिराज बज्राचार्य

*सामान्य चिकित्सा-* डा. विजय लाल श्रेष्ठ, डा. योगेन्द्र शाक्य,  
डा. सुरेन्द्र शाक्य, डा. विनिता श्रेष्ठ  
डा. चाँदनी बैद्य, डा. आभूषण तुलाधर

*स्त्री रोग-* डा. दुर्गा शाक्य, डा. तारा मानन्धर

*नाक, कान,घाँटी-* डा. गौतमी शाक्य, डा. गुराँस बस्नेत ।

*सहायक चिकित्सकहरू*

*दाँत-* सुश्री बुद्धीलक्ष्मी शाक्य

*आँखा-* नारायण सिंह, प्रदीप भट्टराई, संजिव अधिकारी ।

*मेट्रन नर्स-*

१. तारादेवी तुलाधर २. सानु केशरी तुलाधर - जनस्वास्थ्य कक्षा ३. पूर्ण मानन्धर

हेल्पर-

*दाँत-* केशव थापा

नाक,कान, घाँटी- भूवन श्रेष्ठ

यसरी उक्त स्वास्थ्य शिवरमा कुल १७ जना चिकित्सकहरू, ३ जना नर्सहरू, ४ जना सहायक चिकित्सकहरू २ जना हेल्परहरू लगायत अन्य २० जना स्वयं सेवकहरूले शिविर अवधिभर आवश्यक सेवा पुऱ्याउनु भएका थिए ।

स्वास्थ्य शिविरमा आफ्नो अमूल्य समय दिनुभई सेवा पुऱ्याउनु भएका चिकित्सक, सहायक चिकित्सक, नर्स लगायत अन्य सवै स्वयं सेवकहरूको अमूल्य सेवा प्रति धर्मकीर्ति अध्ययन गोष्ठी, धर्मकीर्ति विहारले कृतज्ञता व्यक्त गरेको छ ।



Downloaded from http://www.dhamma.digital

लुम्बिनी स्थित गाउँका पिछडिएका पीडित जनताहरूका लागि निशुल्क स्वास्थ्य शिविर संचालनार्थ प्रायोजक हुनु भएका डच मदत नेपाल फाउण्डेशन प्रति पनि यस संस्थाले कृतज्ञता प्रकट गरेको छ ।

यसको साथसाथै Mr. Hemmy clevis, Mrs. Pauli र Mrs. Rajesh Shrestha लाई पनि यस संस्थाले विशेष धन्यवाद ज्ञापन गरेको छ ।

## ठीक तरीकाले बुझ्ने

२०५८ मंसीर ९ गते ।
स्थान- धर्मकीर्ति विहार, श्रीघः नघल ।
प्रतिवेदन- रामकुमारी

यसदिन वीर्यवती गुरुमाँले "ठीक तरिकाले बुझ्ने" अर्थात् सम्मादिट्ठी विषयमा प्रवचन दिनुभयो । प्रवचनको क्रममा उहाँले भन्नुभयो– "बुद्ध शिक्षाअनुसार मानिसले आफ्नो सफल जीवनको लक्षमा पुग्नका लागि नभई नहुने आठ प्रकारका मार्गहरू मध्ये एक मार्ग हो– "ठीक तरिकाले बुझ्ने" । यदि हामीले यस पहिलो मार्गलाई नै पछ्याउन सकेनौं भने बाँकी रहेका ७ वटा अन्य मार्गहरू सबै स्वतः लोप भएर जान्छन् । अनि हामी बाटो विराएको बटुवाले जस्तै गलत बाटोलाई नै पछ्याउँदै आफूले आफैलाई भ्रममा पारी ठगिन पुग्छौं । फलस्वरूप जीवनमा अशान्ति, मानसिक चिन्ता, झैझगडा, आपसी मनमुटाव र कलहले ठाउँ लिईहाल्छ । त्यसैले होला आजभोली परिवार, समाज देश र संसारका हरेक क्षेत्रमा कलह झैझगडा र अशान्तिले ठाउँ लिइरहेका छन् । यी झगडाका विभिन्न कारणहरू मध्ये एक कारण धेरैजसो मानिसहरूमा म र मेरो भन्ने भावना (सत्काय दृष्टि) मा लिप्त रहने बानी हो । जसले गर्दा आफू मात्र ठीक र अरू बेठीक, आफूले भनेको जस्तै हुनैपर्छ भन्ने हठी, जिद्दी र अहंपना जस्ता खराब बानीले जरो गाडिरहेको छ ।

त्यसैले समूहमा बसेपछि दुईजना मध्ये एकजनाले मात्र भएपनि आफ्नो गल्ती महशूस गरी झगडाको प्रमुख कारणलाई ठीक तरिकाले बुझी त्यसलाई हटाउन जरूरी छ । यस्तो गर्न सकेमा मात्र एक आपसी कलह हटी सुख शान्तिले ठाउँ लिनेछ । यही नै स्वर्ग हो । यसले नै हामीलाई सफल जीवनको लक्षमा पुऱ्याउने छ ।"

## नमो बुद्धमा बुद्धपूजा

२०५८ मंसिर १६ गते । नमोबुद्ध, काभ्रे जिल्ला ।

धर्मकीर्ति विहार श्रीघः नःघलको आयोजनामा यसदिन नमो बुद्धमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न गरियो । लगभग ३०० जना उपासक उपासिकाहरू सम्मिलित भएको उक्त कार्यक्रममा धम्मवती गुरुमांले धर्मदेशना गर्नु भएको थियो ।

पनौतीका राजकुमार महासत्त्वले दान परमत्थ पारमिता पूरा गर्न सफल हुनु भएको यस पवित्र भूमीमा वर्षैपिच्छे कार्तिक पूर्णिमाका दिन श्रद्धालु भक्तजनहरूको मेला लाग्ने गर्छ । बुद्ध हुनका लागि पारमिता पूरा गरिरहनु भएका बोधिसत्त्व राजकुमारले आफ्नो प्राण त्याग गरी दान परमत्थ पारमिता पूरा गर्न सफल भएको उक्त स्थानको पवित्र चैत्य दर्शन गरी उहाँको आर्दशलाई श्रद्धा गर्दै भक्तजनहरूको घुइँचो लाग्नु स्वभाविक नै हो ।

## सत्य त्वःता वनेमखु जिला

**– अमृतमान शाक्य**
इतुम्वाहा यें

ई:यात लोयक जि न्ह्याय् मफु
थ:गु हे पहलं जि न्ह्या:वले लिउने ला:

थौं या ई: सत्य या मखु असत्य या लंपुमा
सत्य सत्य धका जुयां असत्यया जंजालं त्वपुइला:
म्वाय् थाकुल म्वाय् थाकुल थो शान्तिया तपोभूमी

सत्यया पंलिना गुलि म्वाय् दै थन ?
असत्यया जय धाइपिं हिंसक जुया वल थन
म्वाय्व्यू थन सत्य धा: पिन्त

सत्य नं च्वने मन्त असत्ये नं पला ल्ह्वने मफू
निर्वाणया लंपु खंके मफू बुद्ध भगवान्
वय् धुन शास्ता थुगु धर्तिई
वनेमानि थुगु च्वला त्व:ता
वंहे वसां तबि जिनं निर्वाणया लंपुई ।

# सम्यक पूजा

*प्रस्तुति, भिक्षु विशुद्धानन्द प्राणपुत्र*

*अब हामी सम्यक पूजा शुरु गरौं-*

साधु साधु साधु

नगर्नु सबै पापहरू गर्नु कुशलहरू सञ्चय

चित्त शुद्ध गर्दै लानु यही बुद्धहरूका शिक्षा

## सम्यक गीत

बलि प्रथा आतंकबाद हो, जातभेद सामन्तवाद

मूर्ति पूजा दासत्ववाद हो, ईश्वर आस्था अज्ञानवाद

त्यागौं हिंसा बलि प्रथा, दया न्याय विरोधी

लाज नमानौं स्वीकार्न गल्ति, सुधार्न अल्छी नमानौं

तोडौं जात लिङ्ग भेद, प्रजातन्त्र विरोधी

घृणा नगरौं गुण मानवता, अधिकार कसैको नछिनौं

नगरौं मूर्ति पूजा, परिश्रम विकास विरोधी

ढीलो नगरौं हुन स्वाबलम्बी, भई पुरुषार्थ नछाडौं

नराखौं ईश्वर आस्था, ज्ञान विज्ञान विरोधी

पछि नपरौं गर्न अनुभव, उतार्न जीवनमा नभुलौं

*अब हामी क्षमा याचना पाठ गरौं-*

अवकाश भन्ते मैले काय वाक चित्तले

गरेको सबै अपराध क्षमा गरी दिनुहोस्

*अब हामी त्रिरत्न शरण पाठ गरौं-*

नमस्कार वहाँ भगवान् अरहन्त सम्यक सम्बुद्धलाई

जसले बतायो प्रवर लोकमा,

शाक्यमुनि भगवान् कृतकृत्य

पार गयो बल वीर्य देखायो, बुद्धं सरणं गच्छामि

राग तृष्णा शोक रहित, धम्म असंस्कृत अप्रतिकूल

मधूर प्रगुण सुविभक्त, धम्मं सरणं गच्छामि

जसलाई दिनाले महाफलदायी, चार जोडी सुची पुरुषहरू

अष्ट पुद्गल धम्म प्राप्त, संघं सरणं गच्छामि

*अब हामी दश पाप पाठ गरौं-*

पर सम्पति लोभ, पर हानी क्रोध

मिथ्या धारणहरू, मनले गर्ने पाप

बचनले गर्ने पाप बोल्नु झुठो वचन

चुक्लि कटु वचन अनर्थक वचन

हिंसा चोरी व्यभिचार, शरीरले गर्ने पाप

मादक पदार्थ पनि छाडौं हामी आज

*अब हामी दशकुशल पाठ गरौं-*

दान शील भावना, पर सेवा सत्कार

कर्तव्य पालन गर्नु, पर मंगल कामना

पर प्रगतिमा खुशि हुनु धम्म श्रवण गर्नु

धम्म देशना शुद्ध धारणा, कुशल कर्म गरौं

*अब हामी थप उपोशथ ब्रत पाठ गरौं-*

आऔं आऔं पालन गरौं पवित्र उपोशथ

मन वचन शरीरलाई संयमित गर्ने व्रत

छन् विश्वमा जति रत्न छन् जति मूल्यवान

उपोशथको मूल्य हुन्छ सोह्र गुणा बढि

जो हप्ताको एक दिन व्रत पालन गर्छ ।

शीलवान नरनारी पुण्य सुगति पाउँछ

छाढौं अब्रम्हचर्य विकाल भोजन

मनोरञ्जन सुगन्धित श्रृंगार विलासी वस्तु

*अब हामी नौ बुद्ध गुण पाठ गरौं-*

**इति पि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचणसरुम्पन्नो, सुगतो लोकविदू/ अनुत्तरो पुरिसदम्मसारथी सत्थादेवमनुस्सानं, बुद्धो भगवा ति/**

*क्रमस:*



Downloaded from http://www.dhamma.digital

## कथिन चिवरदान तथा अनगारीका धर्मशीलाको १५ औं गुणानुस्मृति दिवस सम्पन्न

२०५८ मंसीर ११ गते ।

धर्मशीला बुद्ध बिहार नदिपुरको प्राङ्गणमा २०५८ साल मंसिर ११ गते सोमबार कथिन चिवर दान तथा अनगारीका धर्मशीलाको १५ औं गुणानुस्मृति दिवस कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा श्रद्धेय भिक्षु श्रद्धानन्दले अनगारीका धर्मशीलाको जीवनिका बारे चर्चा गर्नुहुँदै धार्मिक, शैक्षिक र राजनैतिक क्षेत्रमा वहाँले पुऱ्याउनु भएको योगदान बारे प्रकाश पार्नु भएको थियो भने अनगारीका कर्मशीलाले बुद्ध धर्मको विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिहरूलाई सहयोग पुगोस् भन्ने उद्देश्यले अनगारीका धर्मशीला विद्वत बृत्तिको स्थापनाको घोषणा गर्नु हुँदै यो विद्वत बृत्तिका लागि नगद रु. ३०,०००/- हस्तान्तरण गर्नु भयो । सोही अवसरमा उपस्थित उपासक उपासीका तथा विभिन्न संघसंस्थाहरूका तर्फबाट धर्मशीला विद्वत बृत्तिका लागि रु. १,१८,०००/- संकलन भएको थियो ।

श्रद्धेय भिक्षु शोभन, जापानी भिक्षु यामामोटो, अनगारिका सत्यपारमिता, लामा पाल्टेन र अन्य लामाज्यूहरूको पनि उपस्थिति रहेको उक्त समारोहको प्रारम्भमा ज्ञानमाला भजनको कार्यक्रम पनि राखिएको थियो ।

सोही अवसरमा बौद्ध उपासीका संघको वार्षिक साधारण सभा संघका अध्यक्ष सन्तकुमारी बुद्धाचार्यको सभापतित्वमा सम्पन्न भयो । उक्त साधारण सभामा सचिव चन्द्र लक्ष्मी गुभाजूले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष रूकु शाक्यले आय-व्यय हिसाव विवरण प्रस्तुत गर्नु भएको थियो ।

त्यस्तै लुम्बिनी बर्मी विहारमा र पण्डिताभि वंश ध्यानकेन्द्रमा पनि कथिन चीवर दान उत्सव सम्पन्न भएको समाचार छ ।

## श्रद्धावानपिं उपासकपिं स्वम्ह मन्त श्रीभाइकाजी रंजित

भाइकाजी उपासक काठमाडौं उपत्यकाय् थेरवादी भिक्षुपिं दुहाँ बिज्यासें निसें बुद्धशासने अचल श्रद्धादुम्ह उपासक खः । न्हापाभिक्षुपिं च्वनेगु अलग विहार मदु । स्वयम्भूया दक्षिणपाखे किण्डोल विहार धैगु दु । अनहे भन्तेपिं च्वना बिज्याइगु खः । वयक भाइकाजी मेपिं निम्ह प्यम्ह पासापिं नापं किण्डोल विहारे भ्राइगु । श्रद्धापूर्वक शील प्रार्थनायाइ, बाखँनं न्यनी, धर्मया बारे छलफल नं याइ । लिपा भिक्षुपिं स्वयम्भूया जंगले आनन्द कुटी विहार दयका अन च्वं बिज्यात । वय्कया जीवन काछिं भिक्षुपिनि श्रद्धा गथे खः अथे हे । वय्कया गुलिं पासापिं भिक्षुपिनि ज्या व खँ मलो धका तोता वन । तर भाइकाजी उपासकं गुबले नं भन्तेपिनि बारे कुंख्यना मदी । मेपिं यो योथे थजु जि छम्ह निं ताले लाके धाइ । सुनां बांमलागु ज्या याइ वं बांमलागु फल भोगयाइका ! धका धया च्वनी ।

वय्कया मेगु बांलागु चाला खः थःम्ह्याय्पिं स्वम्हं थःयोपिं नापं व्याहायात । बियाछोय्म्वाक वन । वय्क भाइकाजीया छत्तिं नुगले मस्याः । छेयँ दुकाय् मखु मधाः । उत्तिकं म्ह्याय्पिंन्त माया यानाच्वं । इमियोपिं नाप वन का छु जुल धका धाइगु । थ्व वय्कयाके दुगु बौद्ध पह खः ।

वय्कया मेगु बांलागु पह खः विपस्सना ध्याने लगे जुसें निसें निरन्तर रूपं ध्यान अभ्यास याना दी । निघौ स्वघौ तकं ध्यान च्वनेफु । बर्माया ध्यान केन्द्रे प्यधौ (चार घण्टा) तक फितिक्कहे मसंसे ध्यान च्वना च्वंगु खना बर्माया ध्यानयोगीत आश्चर्य चाः ।

वय्क भाइकाजी उपासक आनन्दकुटी विहारया दायक परिषद व आनन्दकुटी विहार गुठीया सदस्यथें उपासक प्रमुख नं खः । नायोजुया च्वंथें थःम्हं नं भिक्षु भिक्षुणी पिन्त उत्तिकं दान नं याना च्वनी । यक्वं पुण्यकर्म यानादीम्ह भाइकाजी उपासकयात धर्मरक्षा याइ ।

वयक ८३ वर्ष दय्का दिवंगत जुयादिल। वय्कनं याना दीगु पुण्य वय्कयात गुबलें नं तोती मखु। प्रकृति नियम कथं व बुद्धया वचन कथं वय्क: बुढा नं जुल, ल्वेनं जुल नापं प्राण नं त्याग याना फ्याल। वय्कया गुण सदां लुमना च्वनी।

## कुञ्ज बहादुर रंजित

भाइकाजी नाप नापं हे भिक्षुपिनि संगते लाम्ह पासा कुञ्ज बहादुर उपासक नं छम्ह ख:। वय्कया मजिपात त्वायाम्ह पासा ख:। भाइकाजीथेंहे पुलांम्ह आनन्दकुटी विहारे फ्याइम्ह उपासक ख: कुञ्ज बहादुर।

कुञ्ज बहादुर जीवन भर शिक्षक जुयादीम्ह ख:। वय्क प्रसिद्धगु शान्त निकुञ्ज स्कूलया संस्थापक शिक्षक ख:। संघारामया श्रामणेर पिन्त त:दं मछि आख: ब्वंकादीम्ह ख:। बुद्धया शिक्षा प्रचारे आपालं ध्यान बिया सेवा याना दीम्ह ख:। जुद्ध शम्शेरया पाले थेरवादी भिक्षुपिं पितिना छोबले ख्वख्वं भन्तेपिनि ल्यू ल्यू थानकोट तक वनाम्ह धका कुञ्ज बहादुरं धयादीगु लुमंनि।

वयक मजिपात पद्मसुगन्ध विहार निर्माणेथेत्तु कर्मठ उपासक जुयादीम्ह ख:। भाइकाजी उपासकं पद्म सुगन्ध विहारे विपस्सना ध्यान अभ्यास याकादीथें कुञ्ज बहादुर उपासकं बुद्धया शिक्षा व्याख्या याना कनादी। वयक ७९ दँ दुबले थ्व संसार तोता फ्याल वयक यातनं धर्म रक्षा याई।

## पवित्र बहादुर वज्राचार्य

पवित्र बहादुर उपासकयात आपासिनं राजभाई धका म्हस्यू। वसपोलया परिवार फुकं वज्राचार्य जूसां थुखे थेरवादी शासने फुकसिनं उतिकं श्रद्धातया बुद्ध शासने गुहालि बिया बिज्या:। माँ-बापिनिनं भिक्षुपिनि प्रति उतिकं हे अचल श्रद्धा दु। पवित्र बहादुरया किजा डुण्डबहादुर बज्राचार्य थ:गु छेंया ज्या यानानं त्रिपिटक पालि दीघनिकाय, मज्झिम निकाय, संयुक्त निकाय व मिलिन्द प्रश्न थें जागु अमूल्यगु सफूत अनुवादयाना थ:पिसं हे छापे याना प्रचार याना च्वंगु चिकिचा धंगु धर्म प्रचारया ज्या मखु।

वसपोलपिनिगु बांलागु ज्या छगू दु थ:गु हे छेंसं वीर पूर्ण बौद्ध पुस्तकालय स्थापना याना त:गु। उगु पुस्तकालययानं वसपोल पवित्र बहादुर प्रमुख ख:। बुद्ध शासनया लागी त:धंगु सहयोग बिया बिज्याम्ह ख:। ५७ वर्षया उमेरे आकाफ्याकां प्राण त्यागयाना बिज्यात। वसपोलं यक्व पुण्य कर्म याना बिज्यागु दु। उकिं वसपोल यातनं धर्म रक्षायाना तइ।

बुद्धं धया बिज्याथें रूपं जीरति मच्चानं नमगोत्तं नजीरति" अर्थात रूपजीर्ण जूसां नां व गोत्र (कीर्ति) न्हनावनीमखु। वसपोलपिनिगु नां व गोत्र ल्यना च्वनी।

अनिच्चा वत संखारा

*-भिक्षु अश्वघोष*

## सिद्धि मंगल बुद्ध विहारया लागि चन्दा

२०५८ मंसिर ११ गते सिद्धिमंगल बुद्ध विहार ललितपुरे भिक्षु प्रज्ञाकीर्ति या वर्षावास पूवंगु उपलक्षे सम्पन्न जूगु कठिन उत्सव समारोहले थुगु विहारया लागि थ:थ:गु श्रद्धां दान वियादीपिं उपासक उपासिका पिनिगु नां थुकथं उल्लेख जुयाच्वंगु दु-

राजभाई रू. २०००/-

नाती रू ११००/-, रामेश्वर ग्वारखेल रू. १०००/-

रू. ५००/- निसे रु. ५०५/- तक तयादीपिं - बुद्धी बहादुर, मंगलदास गर्छे, हरी गोविन्द, गौतम, श्यामकृष्ण, मंगलदास धसी, काजीलाल, मंगलदास तेकाथली, मंगलदास खुसिलं, वेखालाल, गणेश, दश बहादुर, कान्छा, न्हुच्छे बहादुर, गोविन्द, गणेश, विश्वराम, टिकाराम, नानीमाया, धनमाया, लक्ष्मी, मनमाया।

न्यासलं कम चन्दा तयादीपिं दातापिनि दाँ रू. ११०११/- समेत उखुन्हु जम्मा रू. २६१३२/- चन्दा प्राप्त जूगु समाचारय् उल्लेख जुयाच्वंगु दु।

## श्रद्धाञ्जली

२०५८ कार्तिक ६ गते देहावसान जुयादीम्ह उपासिका हेर-कुमारी महर्जन व २०५८ मंसिर १५ गते दिवंगत जुयादीम्ह उपासक पवित्र बहादुर वज्राचार्यया पुण्य स्मृतिसं सिद्धी मंगल बुद्ध विहारं श्रद्धाञ्जली शोक सभा या:गु समाचार दु।

स्मरणीय जू उपासिका हेरकुमारी सिद्धीमंगल बुद्ध विहारे यक्को गुहाली यानादीम्ह ख:सा उपासक पवित्र वहादुर बज्राचार्य सिद्धी मंगल बुद्ध विहारया भान्छा घर



Downloaded from http://www.dhamma.digital

यात लुखा व झ्या: तया: आजीवन सदस्यता प्रमाण पत्र छापय् याना गुहाली यानादीम्ह ख: ।

### श्रीघः ज्ञानमाला रजत जयन्ती

२०५८ मंसीर १२-१५, थाय्- श्रीघ: यें । श्रीघ: ज्ञानमाला भजन खल: नीन्यादँ पूवंगु लसताय् प्यन्हु यंकं (मंसीर १२-१५) थीथी ज्याझ्वो न्ह्याका: न्ह्यइपुक रजत जयन्ती समारोह क्वचायकूगु समाचार दु ।

मंसीर १२ गते बान्हीइले श्रीघ: ज्ञानमाला भजन खल:या नायो प्रेमबहादुर शाक्यया सभापतित्वे सांसद मंगल शिद्धि मानन्धर मू पहाँ जुया: रजत जयन्ती समारोह उलेज्या यानादीगु उगु ज्याझ्वले भिक्षु अश्वघोष महास्थविरं घ्वाँय् ब्वय्का बिज्यात । अनं लिपा त्वाया थाकुलि पृथ्वीबहादुर शाक्य व ज्ञानमालाया पदाधिकारीतय्गु पाखें बोधिमत च्याकेगु ज्या नं क्वचाल ।

न्हू सयकुमि पिनि पाखें भजन म्ये न्हयब्वय्गु व गुंला बाजँ थाना: लसकुस याये धुंका: थीथी व्यक्तित्त्वपिनि पाखें थ:थ:गु न्हुगु: खँ प्वंकेगु व सुभाय् देछाना: उलेज्या क्वचाल ।

थुगु ज्याझ्वो प्यन्हु यंकं पालंपा: ज्ञानमाला हाला: ज्याझ्व: झ:झ: धाय्कादीपिं भजन खल:तय्गु नां धल: थुकथं उल्लेख जुयाच्वंगु दु ।

(क) तारेमाम ज्ञानमाला भजन खल: नागबहा: यल । (ख) स्वयम्भू ज्ञानमाला भजन खल: (ग) दीपंकर ज्ञानमाला भजन खल: ख्वप (घ) मछिन्द्र मजन खल: जनबहा: (ङ) बसुन्धरा ज्ञानमाला भजन खल: बसुन्धरा (च) अन्नपूर्ण ज्ञानमाला भजन खल: असं यें ।

अथेहे २०५८ मंसीर १५ गते थुगु श्रीघ: ज्ञानमाला भजन खल:या रजत जयन्ती समापन समारोह थुकथं क्वचाल ।

श्री प्रेमबहादुर शाक्य नायो व धम्मवती गुरुमाँ मू पाहाँ जुयादीगु ज्याझ्वले श्रीघ: ज्ञानमाला भजन खल: पाखें लसकुस म्ये हाला: श्री अमीरमान छ्याञ्जे पाखें प्रतिवेदन व दां भरी रामरत्न तुलाधर पाखें ल्या:चा: न्ह्यब्वया दिल ।

थुगु ज्याझ्वले थ:थ:गु नुग:खँ प्वंकादीपिं वक्तापिं थुकथं ख:– नेपाल राष्ट्रिय ज्ञानमाला संघ पाखें श्री शान्तरत्न शाक्य, धम्मवती गुरुमाँ, मंगलसिद्धि मानन्धर, श्री सुवर्ण शाक्य व डा. थीरमान शाक्य आदि । आनन्द शाक्य पाखें सुभाय् देछाय् धुंका: मू ज्या नायो प्रेमबहादुर शाक्यं थुगु सभा विसर्जन याना: ज्याझ्व: क्वचायकूगु जुल ।

### सुवर्ण छत्रपुर विहारया गतिविधि – बुद्धपूजा

२०५८ मंसिर २३ गते ।

थाय्- सुवर्ण छत्रपुर विहार यल ।

सुवर्ण छत्रपुर विहारया आयोजनाय् सुथय् ज्ञानमाला भजन व जलपान धुंका: बुद्ध,पूजा कार्यक्रम सम्पन्न जूगु समाचार दु । शील प्रार्थना लिपा विहारया सचिव भाजु राम गोपाल सिंह जु पाखें बुद्ध पूजा कार्यक्रम संचालन यासे धर्मदेशना नं यानादीगु ख: ।

***बौद्ध न्ह्यस: लिस: कासा***

अथेहे २०५८ कार्तिक ३० गते बौद्ध परियत्ति कक्षाया विद्यार्थी पिनि दथुई बौद्ध युवा कमिटी यलया सकृयताय् व विहारया ग्वसालय् न्ह्यस:लिस: कासा न्ह्याकूगु समाचार दु ।

***विचा: हायका***

सुवर्ण छत्रपुर विहार लुभुया भू.पू. संस्थापक अध्यक्ष भाजु लोक महर्जन ८१ दँया दुने आकाभाकां मदुगुलिं सुवर्ण छत्रपुर विहार लुभुया सकल उपासक उपासिका परिवारं वय्क:या पुण्य स्मृतिस विचा: हायकूगु दु ।

"सर्वदा प्रशंसा हे जक याका च्वंम्ह व सर्वदा निन्दा हे जक याका च्वंम्ह व्यक्ति, दया वंगु नं मदु आ:दुगु नं मख्खु लिपा दैगु नं मख्खु ।" –धम्मपद

बा.अ.का.द.नं. - ७०/०४०/४१

# अनिच्चावत संखारा



बूगु दिं :
१९८८-१२-२

मदुगु दिं :
२०५८-७-२१

## दिवंगत रत्नकाजी स्थापित

यें डिल्ली बजारे च्वंम्ह जिमी कका रत्न काजी स्थापित आकाभकां मदुगुलीं दुःखं कःपिं छें जःपिन्सं संसार अनित्य खः धका थुइके फय्‌मा। मदुम्ह रत्न काजी स्थापितया निर्वाण कामना यासें बिचाः हाय्‌का च्वना।

*विचा हाय्‌काः पिं*

म्ह्यायचा- नानी शोभा तुलाधर
छ्य्- अमर तुलाधर
छ्य्- शुसीला ताम्राकार
छ्य्- उर्मिला ताम्राकार
छ्य्- अनिला तुलाधर

जिलाजं- रेशमान तुलाधर
छ्य् भौं- अन्जु तुलाधर
छ्य् जिलाजं- प्रकाश ताम्राकार
छ्य् जिलाजं- रत्नकाजी ताम्राकार
छ्य् जिलाजं- चन्द्रधर तुलाधर

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital